# विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको

प्रयोजनार्थ तयार गरिएको

शोधपत्र

सोधकर्ता

मेदिनी घिमिरे

त्रि.वि.दर्ता नं.: २५१०७/९२

परीक्षा रोल्नं. : २२२००२७

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, वरुण बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

खाँदबारी, सङ्खुवासभा

२०७०

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५


## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्र मेदिनी घिमिरेले विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपुर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................
शोध निर्देशक
सन्तोषकुमार बराल
शैक्षिक योजना तथा व्यवस्थापन विभाग

मिति : २०७०/०८/२५

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
वरुण बहुमुखी क्याम्पस
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

# स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि मेदिनी घिमिरेले विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका शीर्षकमा गर्नुभएको शोधपत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | | बाह्य सुपरिवेक्षक | |

मिति : २०७०/९/५

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय वरुण वहुमुखी क्याम्पस खाँदवारी स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि सङ्खुवासभा जिल्लाको खाँदवारी अगुवा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुको अध्ययन मार्फत विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका विषयमा यो शोध पत्र तयार गरेको छु । नेपालमा शिक्षा क्षेत्रमा गरेको लगानीको तुलनामा गुणस्तरीय शिक्षा अपेक्षाकृत रुपमा प्राप्त हुन नसकेको कुरा स्विकार्य छ । यसो हुनमा विद्यालय शिक्षामा सहभागिता जुट्न नसक्नु, जिम्मेवार पक्षमा व्यवस्थापकीय सीप र क्षमताको अभाव देखिनु, कार्यरत शिक्षकहरुले परम्परागत शिक्षण विधि प्रयोग गर्दै तालिमका सीपहरुलाई कक्षाकोठा सम्म नपुऱ्याउनु र विद्यार्थीहरुलाई सिकाईमा अभिप्रेरित गर्न नसक्नु, शिक्षकहरुलाई पेशाप्रति समर्पित हुने अवस्था सृजना गर्न प्र.अ.तथा सरकारी संयन्त्रले नसक्नु, जस्कालागि विभिन्न तह र क्षेत्रबाट निरीक्षण, अनुगमन तथा सुपरीवेक्षणलाई व्यवस्थित गर्न नसक्नु प्रमुख कारण रहेका छन् । विद्यालयमा विद्यार्थी, शिक्षक, अभिभावक तथा सरोकारवालाहरु वीच समन्वय गराउदै विद्यालयको चौतर्फि विकास गर्न शिक्षा नियमावलीले प्र.अ.को काम कर्तव्य र अधिकार तथा प्र.अ. छनौटका आधारहरु समेतको कानुनी व्यवस्था गरेको हुँदाहुँदै पनि कार्यरत प्र.अ.हरुको नेतृत्व सीप, क्षमता र कार्यान्वयनको अवस्थामा भएको कम्जोरी सुधार गर्दै शैक्षिक गुणस्तर वृद्धि गरी शिक्षामा गरिएको लगानी अनुसारको प्रतिफल प्राप्त गर्न चुनौति भएकोले वर्तमान अवस्थाको अध्ययनबाट भावी योजना निर्माण एवम् कार्यान्वयनमा सहयोग पुग्ने आशा राख्दै यसलाई शोध शिर्षकको रुपमा छनौट गरी शोधकार्य गरेको छु । यो शोधकार्य तयार गर्न मार्ग निर्देश गर्नु हुने यस क्याम्पसका शैक्षिक योजना तथा व्यवस्थापन विभागका शोध निर्देशक सन्तोषकुमार बराल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्यमा निरन्तर उत्प्रेरणा दिनु हुने क्याम्पस प्रमुख टिकाराम गुरुङ तथा सम्पूर्ण क्याम्पस परिवारप्रति एवम् आफ्ना वास्तविक रायकासाथ यथार्थ तथ्याङ्क उपलब्ध गराउनु हुने स्रोत व्यक्ति, विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ.सं., अभिभावक ज्यूहरु तथा विद्यार्थी वर्गप्रति आभार व्यक्त गर्दछु ।

शोधार्थी

# शोधसार

मानव एक सामाजिक प्राणी हो, शिक्षा उसको अभिन्न अंग हो । यो बिना मानव जीवनको उद्देश्य पूरा हुन सक्तैन । आजको २१ औं सताब्दीमा विद्यालयमा प्रदान गरिने शिक्षा गुणस्तरीय र व्यवहारिक हुनुपर्छ भन्ने जनगुनासो आइरहेको बेलामा सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका महत्वपूर्ण हुने भएकोले यस प्रकारको शोध शीर्षक राखी शोध अध्ययनलाई अन्तिम रुप दिने प्रयास गरिएको छ । यस शोध अनुसन्धानका प्रमुख उद्देश्यहरुमा सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिकाको अध्ययन गर्नु, सामुदायिक विद्यालयको आर्थिक, भौतिक र मानव संसाधन व्यवस्थापनमा प्र.अ.को प्रभावको विश्लेषण गर्नु, शैक्षिक व्यवस्थापनका समस्याहरु
समाधानमा प्र.अ.को भूमिका खोजी गर्नु र शैक्षिक व्यवस्थापनको लागि प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने उपायहरु खोजी गर्नु रहेको छ ।

यी उद्देश्यहरुलाई पूरा गर्ने सिसिलामा सङ्खुवासभा जिल्लाको सदरमुकाम खाँदवारी नगरपालिका क्षेत्रलाई समेटी सञ्चालित खाँदवारी अगुवा स्रोतकेन्द्रका २ वटा उ.मा.वि., २ वटा मा.वि. र २ वटा प्रा.वि.लाई छनौट गरी अनुसन्धान प्रक्रिया अगाडी बढाइएको छ । यस अध्ययन कार्यलाई पूरा गर्न ५ वटा परिच्छेदमा शोध पत्रलाई विभाजन गरिएको छ । उक्त शोध कार्य सम्पन्न गर्न प्र.अ., शिक्षक, वि.व्य.स. का अध्यक्ष, शि.अ.सं.का अध्यक्ष, अभिभावकहरु र विद्यार्थीहरुलाई प्रश्नावली गराइएको थियो । नमूना छनौट Purposeful, Cluster, Random Sampling मा आधारित खालको छ । प्रश्नावलीबाट प्राप्त भएका विभिन्न धारणा र तथ्याङ्कहरुलाई तालिका बनाई वर्णनात्मक, व्याख्यात्मक र विश्लेषणात्मक रुपमा मिश्रित ढाँचाबाट प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा विधिको रुपमा नमुना छनौट विधि, स्थलगत अध्ययन, अन्तरवार्ता, छलफल, अवलोकन आदिको प्रयोग गरी प्राथमिक र सहायक दुवै स्रोतबाट सङ्कलन गरिएको सूचनाको गुणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ । सिद्धान्तगत रुपमा हेनरी फेयलको प्रशासकिय व्यवस्थापनको सिद्धान्तलाई अवलम्बन गरिएको छ ।

विभिन्न तथ्य तथ्याङ्क र विश्लेषणको आधारमा शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका महत्वपूर्ण हुने देखिएको छ । विद्यालयमा प्राप्त आर्थिक तथा भौतिक स्रोत र साधनको परिचालन गर्नु, उपलब्ध

*मानव संशाधनको व्यवस्थापन, उत्तरदायित्व र पारदर्शिताको प्रत्याभूति व्यवस्थापन, विद्यालय सञ्चालन प्रकृया तथा विद्यालपले प्राप्त गरेको उपलब्धिको व्यवस्थापन गर्दै योजना निर्माण, कार्यान्वयन र मूल्यांकनलाई प्रभावकारी बनाउनु नै कुशल व्यवस्थापनमा प्र.अ.को जिम्मेवारीको क्षेत्र रहने यस शोध पत्रको निष्कर्ष रहेको छ । त्यसकारण विद्यालयको शैक्षिक, आर्थिक र भौतिक विकास गर्न प्र.अ. शिक्षक, विद्यार्थी, वि.व्य.स.,शि.अ.सं, अभिभावक, समाजसेवी, बुद्धिजिवी, राजनीतिकर्मी सरोकारवाला सबैको दायित्व हुनुपर्ने देखिन्छ र खासगरी राज्यको तर्फबाट नियमित अनुगमन, सुपरीवेक्षण, लगानि, सेवा सुविधा उपलब्ध गराई सो कार्यमा स्थानीय निकायहरुलाई योजनावद्ध कार्यक्रम बनाई सहयोग गर्न प्रोत्साहित गर्दै गुणात्मक शिक्षा प्रदान गर्न सहयोग गर्नुपर्ने देखिन्छ ।*

# विषयसूची


| शीर्षक | पृष्ठसंख्या |
| --- | --- |
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञता ज्ञापन | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | ix |
| संक्षिप्त शब्दावली | x |


## परिच्छेद एक :
## परिचय


| | |
| --- | --- |
| १.१ अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनका उद्देश्यहरू | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्न | ६ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| १.७ मुख्य शब्दहरुको अर्थ | ७ |

## परिच्छेद दुई :

## सम्बन्धित साहित्यको पुनरावलोकन


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.१.१ विधा : शोधपत्र | १० |
| २.१.२ विधा : जर्नल लेख | १४ |
| २.२ अध्ययनको सैद्धान्तिक संरचना | १७ |
| २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग | १८ |


## परिच्छेद तीन :

## अध्ययन विधि


| | |
|---|---|
| ३.१ अनुसन्धानको ढाँचा | १९ |
| ३.२ जनसंख्या र नमूना | २० |
| ३.३ तथ्याङ्क संकलनका साधनहरु | २१ |
| ३.४ तथ्याङ्कको स्रोत | २१ |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | २१ |
| ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया | २२ |


## परिच्छेद चार :

## नतिजा विश्लेषण


| | |
|---|---|
| ४.१ शैक्षिक व्यवस्थानमा प्र.अ.को भूमिका | २३ |
| ४.१.१ प्रधानाध्यापकहरुको प्रतिक्रियाको विश्लेषण र व्याख्या | २३ |
| ४.१.२ विभिन्न शिक्षक, शिक्षिकाहरुसँग सोधिएका प्रश्नावली वा तिनको व्याख्या र विश्लेषण | २९ |
| ४.२ आर्थिक, भौतिक तथा मानव संशाधन व्यवस्थापनमा प्र.अ.ले निर्वाह गरेको भूमिका | ३३ |

४.२.१ वि.व्य.स. अध्यक्ष, शि.अ.सं.अध्यक्ष तथा अभिभावकहरुलाई सोधिएका प्रश्नावलीको अवस्था,व्याख्या तथा विश्लेषण ३३
४.३ शैक्षिक व्यवस्थापनका क्रममा प्र.अ. र वि.व्य.स.ले सामना गर्नु परेका समस्या ३६
४.३.१ विभिन्न विद्यालयका विद्यार्थीलाई सोधिएको प्रश्नावलीको व्याख्या र विश्लेषण ३६
४.४ प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने उपायहरु ३८

## परिच्छेद पाँच :

## निष्कर्ष र सुझावहरु

५.१ निष्कर्ष ४०
५.२ सुझावहरु ४२

सन्दर्भ सूची i
अनुसूचीहरु iii

# तालिका सूची


| तालिका नं. | शिर्षक |
|---|---|
| तालिका नं. १ | व्यवस्थापनका महत्वपूर्ण पक्षहरु |
| तालिका नं. २ | शैक्षिक गुणस्तर सुधारमा जिम्मेवार पक्षहरु |
| तालिका नं. ३ | विद्यालयमा अभिभावकको चासो वढाउने उपायहरु |

# संक्षिप्त शब्दावली

| संक्षिप्त रुप | पुरा रुप |
|---|---|
| प्रा.वि. - | प्राथमिक विद्यालय |
| नि.मा.वि. - | निम्न माध्यमिक विद्यालय |
| मा.वि. - | माध्यमिक विद्यालय |
| उ.मा.वि. - | उच्च माध्यमिक विद्यालय |
| प्र.अ. - | प्रधानाध्यापक |
| वि.व्य.स. - | विद्‌यालय व्यवस्थापन समिति |
| शि.अ.सं. - | शिक्षक अभिभावक संघ |
| जि.शि.का. - | जिल्ला शिक्षा कार्यालय |
| वि.नि. - | विद्यालय निरीक्षक |

# परिच्छेद एक :

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

शैक्षिक व्यवस्थापन भनेको शैक्षिक कार्यक्रमहरु, कृयाकलापहरु तथा सेवाहरु प्रभावकारी एवम् सफलतापूर्वक सञ्चालन, कार्यान्वयन एवम् व्यवस्थित गर्ने प्रक्रिया हो । शैक्षिक व्यवस्थापनमा शिक्षण एवम् सिकाइमा आधारित उद्धेश्य, लक्ष्यहरु निर्धारण गर्न तथा नीतिहरुको निर्माण एवम् विकास गर्न, शिक्षणसिकाईको उपयुक्त कार्यक्रमको विकासका लागि उत्प्रेरित गर्न र शिक्षण सिकाई कार्यको सञ्चालन गर्ने कर्मचारी र आर्थिक, भौतिक तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने कुराहरु समेत पर्दछन् । शैक्षिक व्यवस्थापन शिक्षाको एक महत्वपूर्ण प्रक्रिया हो । शिक्षामा गरिएको लगानिलाई सही तरिकाबाट उपयोग गर्दै उच्चतम् उपलब्धि हाँसिल गर्न शैक्षिक व्यवस्थापनको महत्वपूर्ण भूमिका रहेको हुन्छ । शिक्षामा लगानि गरेर मात्र उपलब्धिहरु हासिल गर्न सकिदैन । त्यो लगानिको सही र संगठित रुपमा परिचालन गरिनुपर्दछ । त्यसको लागि दरिलो र गतिलो, चुस्त दुरुस्त र सक्षम व्यवस्थापनको आवश्यकता पर्दछ ।

सङ्गठनमा कार्यरत व्यक्तिहरुसँग मिलेर कार्य गरी सन्तोषजनक रुपमा सफलता पाउने कला नै व्यवस्थापन हो । यस अन्तरगत योजना बनाउने, सङ्गठन बनाउने, निर्देशन दिने, नेतृत्व प्रदान गर्ने, अभिप्रेरणा गर्ने, सञ्चार गर्ने, समस्या समाधान गर्ने, समन्वय गर्ने जस्ता प्रक्रियाहरु पर्दछन् । प्रशासकले आफ्नो कामको लागि धेरै व्यक्तिहरुबाट सहकारिता, सहभागिता, हस्तक्षेप र संलग्नता प्राप्त गर्न सक्नु पर्छ । व्यवस्थापन भनेको एउटा सामाजिक प्रक्रिया भएकोले यसबाट निर्धारित लक्ष्य प्रभावपूर्ण तरिकाले प्राप्त गर्न सक्नुपर्छ । मानिसका साझा उद्देश्यहरु पूर्ति गर्न सङ्गठनको निर्माण गरिन्छ भने सङ्गठनको उद्देश्य पूरा गर्न उचित एवम् प्रभावकारी व्यवस्थापनको आवश्यकता पर्दछ ।

अर्को शब्दमा भन्नुपर्दा संस्थाभित्र सामूहिक भावनाको विकास गरी लक्ष्य प्राप्ति तर्फ सामूहिक उत्तरदायित्व वहन गर्ने कार्यमा डोहोर्‍याने वातावरणको विकास गर्नु कुशल व्यवस्थापन हो । त्यस्तै गरी शैक्षिक संस्थाभित्र सामूहिक भावनाको विकास गरी शैक्षिक उद्देश्य प्राप्त गर्ने कार्यमा उपयुक्त वातावरण सिर्जना गर्ने कार्यलाई शैक्षिक व्यवस्थापनको रुपमा लिन सकिन्छ । विद्यालय वा शैक्षिक

संस्थाहरु सामाजिक संस्था हुन् तसर्थ यस्ता संस्थाहरुको सञ्चालन गर्न व्यवस्थापन कुशल र प्रभावकारी हुनुपर्दछ । शैक्षिक व्यवस्थापनमा शिक्षक, विद्यार्थी, कर्मचारीको व्यवस्थापनका साथै भौतिक विकास निर्माण, आर्थिक मजबुती, कक्षाकोठाको व्यवस्थापन जस्ता कार्यहरु पर्दछन् । गुणात्मक शिक्षा प्रदान गर्नका लागि विद्यालयमा मानवीय, भौतिक र आर्थिक स्रोतहरुको समुचित योजना र परिचालन गरी पूर्व निर्धारित उद्देश्य तथा लक्ष्य पुरा गर्ने कार्य शैक्षिक व्यवस्थापनमा पर्दछ । शैक्षिक व्यवस्थापनलाई तलका विभिन्न विद्धानहरुबाट गरिएका परिभाषाहरुबाट स्पष्ट पार्न सकिन्छ :

१. शैक्षिक व्यवस्थापनको मतलब शिक्षकहरुको विकासको लागि समन्वय गर्नु र निर्देशन गर्नु हो । (Brigs & Justman) ।
२. शैक्षिक व्यवस्थापन (प्रशासन) भनेको कार्यकर्ताहरुको प्रयासमा सामञ्जस्य स्थापित गर्ने र उपयुक्त सामग्रीहरुलाई मानवीय गुणको विकास हुने गरी परिचालन गर्ने प्रक्रिया हो । यसले केटाकेटी तथा यूवाहरुको विकास मात्र नभै वयस्क र विशेष गरी विद्यालयका कार्यकर्ताको विकासमा चासो राख्दछ । (Encyclopaedia of Educational Reasearch)
३. शैक्षिक व्यवस्थापन बालकको बृद्धि र विकासलाई प्रभावित गर्ने सम्पूर्ण तत्वहरुको अध्ययन र सुधार गर्ने मुख्य एउटा दक्ष प्राविधिक सेवा हो । (Burton, Bruckner)
४. कार्य सञ्चालनमा अरु व्यक्तिहरुको संलग्नता गराई कार्य सम्पन्न गर्नु शैक्षिक व्यवस्थापन हो ।

आर्थिक, राजनीतिक, भौतिक पक्षहरुको समन्वय, सहभागिता र सहयोगबाट उद्देश्य पूरा गर्ने प्रक्रियागत कार्य व्यवस्थापन हो, जसको उचित प्रयोग र सञ्चालन कुशल व्यवस्थापकबाट मात्र सम्भव छ । शिक्षाले व्यक्तिगत देखि लिएर सामाजिक र राष्ट्रिय आवश्यकतालाई समाहित गर्नुपर्दछ । त्यस्तै शिक्षाको विकास नै व्यक्ति र राष्ट्रिय विकासको आधारशीला पनि हो तसर्थ शिक्षाको यस प्रकारको गहन कार्य सम्पादन गर्न शैक्षिक व्यवस्थापनले ज्यादै महत्वपूर्ण भूमिका खेल्नुपर्दछ । शैक्षिक संस्थाहरुले आफ्नो उद्देश्य सामाजिक उत्तरदायित्व अनुरुप पूरा गर्नुपर्दछ । यस प्रकारले उत्तरदायित्वलाई कार्यान्वित गर्ने साधन नै व्यवस्थापन हो । विद्यानाथ कोइराला र चन्द्रबहादुर श्रेष्ठ (२०६४) शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार पुस्तक अन्तर्गत कुनैपनि शैक्षिक कार्यक्रमलाई लक्ष्य हाँसिल हुनु वा नहुनु मा त्यस कार्यक्रमको व्वस्थापन र त्यस सँग संवद्ध व्यक्तिहरुको व्यवहारमा भर पर्दछ उल्लेख गरिएको छ ।

विद्यालयको मुख्य उद्देश्य नै गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । विद्यालयको शैक्षिक व्यवस्थापकको रुपमा हरेक गतिविधिमा प्र.अ. रहेको हुन्छ । यसकारण समग्र विद्यालयको शैक्षिक, आर्थिक, भौतिक, राजनीतिक र सामाजिक पक्षहरुको उचित व्यवस्थापन गर्न कुशल, सक्षम र दक्ष प्र.अ. को आवश्यकता पर्दछ । यी उल्लेखित कुराहरुको साथसाथै समय व्यवस्थापन, तनाव व्यवस्थापन, सङ्कट व्यवस्थापन, मानव संशासन व्यवस्थापन, द्वन्द व्यवस्थापन गरी विद्यालयको सर्वाङ्गीण विकासको लागि प्र.अ.को भूमिका र उत्तरदायित्व अत्यन्त महत्वपूर्ण हुन्छ । विद्यार्थीहरुलाई अनुशासित बनाई प्रभावकारी शिक्षण गर्न मानव संशाधनलाई अभिप्रेरित गरी गुणात्मक र मात्रात्मक शैक्षिक उपलब्धि हाँसिल गर्न प्र.अ.को प्रभावकारी भूमिका आवश्यक हुन्छ । विद्यालयमा उपलब्ध स्रोत र साधनको उचित प्रयोग र व्यवस्थापन गर्न पनि प्र.अ.को कार्यकुशलताको नै आवश्यकता पर्दछ ।

## १.२ समस्याको कथन

व्यवस्थापनलाई संघ संस्थाको मेरुदण्डको रुपमा लिइन्छ । व्यवस्थापनको अभावमा संघसंस्थाले निर्दिष्ट गरेको उद्देश्यलाई पूरा गर्न सकिदैन । नेपालको सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनलाई नजिकबाट नियाल्ने हो भने ज्यादै कमजोर अवस्थामा रहेको पाइन्छ । उचित शैक्षिक व्यवस्थापनको अभावमा विद्यालयमा उपलब्ध स्रोत र साधनलाई प्रयोग गर्न नसक्दा अपेक्षित शैक्षिक उपलब्धिहरु हाँसिल गर्न सकिएको छैन । उपलब्ध स्रोत र साधनलाई पनि उचित प्रयोग गर्न नसकी परिणाममा दिनानुदिन ह्रास हुदै आइरहेको छ । विद्यार्थीलाई अनुशासनको दायरामा ल्याउन नसक्दा विद्यालयमा पनि यदाकदा बालमैत्री सिकाई र दण्डहिनतामा प्रश्न उठ्न थालेको अवस्था पनि छ । मानव संशाधन (शिक्षक, कर्मचारी) लाई दायित्व बोधका साथ शिक्षण सिकाई क्रियाकलाप एवम् शैक्षिक सुधारमा क्रियाशील गराउन नसक्दा र उचित शैक्षिक वातावरण पैदा गराउन नसक्दा वर्षेनी सामुदायिक विद्यालयबाट जिल्ला स्तरीय परीक्षा तथा एस.एल.सी. प्रवेशिका परीक्षामा संलग्न विद्यार्थीहरु अनुत्तीर्ण हुने दर बढ्दो क्रममा छ । त्यसकारण यस्ता समस्याहरु पहिचान गरी समाधान गर्न विद्यालयको महत्वपूर्ण भूमिका सहितको प्रधानाध्यापकको आवश्यकता पर्दछ ।

शैक्षिक व्यवस्थापन भित्र आर्थिक व्यवस्थापन, भौतिक व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, समय व्यवस्थापन, सङ्कट व्यवस्थापन, द्वन्द व्यवस्थापन, परीक्षा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप

व्यवस्थापन, खेलकुद व्यवस्थापन, पाठ्यक्रम र पाठ्यसामग्रीको व्यवस्थापन, पाठ्यपुस्तक व्यवस्थापन, पुस्तकालय व्यवस्थापन, अनुशासन व्यवस्थापन, कक्षा व्यवस्थापन, समय तालिका व्यवस्थापन, सूचना व्यवस्थापन, पेशागत दक्षता विकास/तालिम व्यवस्थापन, विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन, शैक्षिक वातावरण र सामाजिक विकास तथा समन्वय सम्वन्धि थुप्रै कुराहरु पर्दछन् । तसर्थ उल्लेखित कुराहरुलाई सही ढङ्गबाट व्यवस्थापन गर्न नसक्दा प्र.अ. लगायत वि.व्य.स. पदाधिकारीहरु र सम्बन्धित सरोकारवालाहरुको कार्य क्षमतामा पनि प्रश्न चिन्ह उठ्ने गरेको पाइएको छ । प्र.अ., शिक्षक स्टाफ, वि.व्य.स., शिक्षक अभिभावक संघ एवम् जनसमुदायबीच एकता र सुमधुर सम्बन्ध नहुनाले पनि शैक्षिक व्यवस्थापन गर्न कठीन भएको छ । सामुदायिक विद्यालयमा कार्यरत व्यवस्थापक, शिक्षक, कर्मचारी र सरोकारवालाहरु आफ्नो जिम्मेवारी, जवाफदेहिता र दायित्वबोधबाट पनि पन्छिन खोजेको कारणले शैक्षिक गुणस्तर हाँसिल गर्न अप्ठ्यारो परिरहेको अवस्था पनि विद्यमान छ । राज्यको तर्फबाट पनि प्रभावकारी सुपरिवेक्षण र अनुगमन हुन सकेको छैन । जसको कारण शैक्षिक व्यवस्थापनमा गम्भिरतापूर्वक लाग्न निष्कृयता बढेको र समग्र व्यवस्थापनमा अवरोध पुगिरहेको आभाष पनि हुन्छ । शिक्षा क्षेत्रमा नीतिगत सुधार नगर्नाले र शिक्षण पेशामा लागेका शिक्षकहरुको बीचमा विभेद भएको कारणले पनि आशातित उपलब्धि हाँसिल गर्न शैक्षिक व्यवस्थापन कार्यमा प्र.अ.को भूमिका विषय छनौट गरी यसलाई पुरा गर्नको लागि यस शोधपत्रले निम्न समस्याहरुको पहिचान गरी समाधानका उपाय पत्ता लगाउने कोशिस गरिएको छ :

१. विद्यालयको शैक्षिक व्यवस्थापनको अवस्थालाई अध्ययन गरी शैक्षिक व्यवस्थापन गर्न प्र.अ.को भूमिका कस्तो रहेको छ ?
२. विद्यालयमा उपलब्ध स्रोत र साधनलाई कसरी परिचालन गरी उपलब्धी र आवश्यकता परिपूर्ति गरिएको छ ?
३. विद्यालयको सुसञ्चालनमा प्र.अ. कतिको सफल छन् ?
४. विद्यालयमा शैक्षिक व्यवस्थापन गर्न र गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा स्थानीय जनसमुदायको सहयोग र आवश्यकता कस्तो रहेको हुन्छ र सोको उचित व्यवस्थापनमा आवश्ययक समन्वयमा प्रधानाध्यापक कतिको सफल रहेका छन् ?
५. विद्यालयमा शैक्षिक व्यवस्थापन गर्न प्र.अ.का चुनौति, समस्या र समाधानको उपायहरु के-के हुन सक्छन् ?

## १.३ अध्ययनको औचित्य

कुनै पनि सङ्गठनको उद्देश्य पुरा गर्न त्यो सङ्गठनमा काम गर्ने सबै कामदारहरुको अहम भूमिका हुन्छ अथवा संस्था हाम्रो हो, संस्था भएमा हामी हुन्छौं र संस्थाको लक्ष्य पुरा गर्न हामी सबै मिलेर काम गर्नुपर्छ भन्ने भावना हुनुपर्छ । विद्यालय पनि एक उद्योग वा सङ्गठनको रुपमा रहेकोले त्यहाँ कार्यरत शिक्षक बीचको सम्बन्ध, प्रशासकको कुशल प्रशासनिक कौशल वा क्रियाकलापले शैक्षिक व्यवस्थापन प्रभावकारी र फलदायी बनाउन सकिन्छ । यसको लागि प्रशासनले शैक्षिक व्यवस्थापन गर्न उपयुक्त कार्य योजना बनाउनु पर्दछ र कार्ययोजना कार्यान्वयन गर्नमा समानुपातिक हिसाबले सबै शिक्षक कर्मचारीहरुलाई जिम्मेवारी दिइनुपर्दछ । विद्यालयमा शैक्षिक गुणस्तर कायम गरी दक्ष जनशक्ति उत्पादन गर्न विद्यालयमा कार्यरत शिक्षकहरुको बीचमा सुमधुर र अन्योन्याश्रित सम्बन्ध हुनुपर्दछ । त्यसै गरी सम्बन्धित विद्यालयका प्र.अ., शिक्षक र समाजका ख्याति प्राप्त व्यक्ति जो शिक्षाप्रेमी छन् अथवा विद्यालयको शैक्षिक स्तर उकास्न लागि पर्छन, ती सबै वर्ग र पक्षलाई सहभागी गराउदै वि.व्य.स.का पदाधिकारीहरु र शिक्षक अभिभावक संघको पनि शैक्षिक व्यवस्थापन गरी गुणस्तरीय सिकाई प्रदान गर्न महत्वपूर्ण सहयोग र योगदान पुऱ्याउन अनिवार्य आवश्यक हुन्छ । विद्यालयमा उपलब्ध श्रोत र साधनलाई समुचित प्रयोग गरी अधिकतम उपलब्धी हाँसिल गराउन र शैक्षिक स्तरलाई उकास्न शैक्षिक व्यवस्थापन गर्न आवश्यक छ र सो प्रयोजनको लागि प्र.अ. को महत्वपूर्ण भूमिकाको आवश्यकता पर्दछ । विद्यालयको आर्थिक, भौतिक, शैक्षिक, सामाजिक पक्षहरुलाई मजबुत बनाई विद्यालयमा प्रभावकारी शिक्षण गर्ने वातावरण सिर्जना गरी दक्ष जनशक्ति उत्पादन गर्न प्र.अ. को महत्वपूर्ण योगदान हुन पर्दछ । तसर्थ शैक्षिक व्यवस्थापनको पक्षलाई लेखाजोखा गरी कमजोरीहरु पाइए सुधार गर्न आवश्यक सल्लाह र सहयोग पनि प्रदान गरिने भएकाले यसको अध्ययन गर्नु आवश्यक छ । विद्यालयको सर्वाङ्गीण विकास गर्न नेतृत्वको रुपमा रहेको प्र.अ. नै जागरुक, कृयाशील, समन्वयकर्ता,सक्षम र नेतृत्व सीपयुक्त हुनुपर्ने भएकोले यस अध्ययनको व्यवहारिक उपयोग र महत्व रहने औचित्यता पुष्टि हुन्छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका उद्देश्यहरु यस प्रकार रहेका छन् :

१) विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिकाको वर्तमान अवस्था पत्तालगाउनु,

२) विद्यालयको आर्थिक, भौतिक र मानव संसाधन व्यवस्थापनमा प्र.अ.ले निर्वाह गरेको भूमिका अध्ययन गर्नु,

३) शैक्षिक व्यवस्थापनका क्रममा प्र.अ., वि.व्य.स.ले सामना गर्नुपरेका समस्या पत्तालगाउनु,

४) शैक्षिक व्यवस्थापनका लागि प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

शोधकार्य अनुसन्धानमूलक भएकाले अनुसन्धानबाट कुनैपनि समस्या समाधान गर्न सकिने उपाय निकाल्न सकिन्छ । समस्या समाधान गर्न सजिलो होस भन्ने उद्देश्यले केही अनुसन्धानात्मक प्रश्न निम्नानुसार प्रस्तुत गरिएको छ :

१. विद्यालयको शैक्षिक व्यवस्थापनको अवस्था कस्तो रहेको छ ?

२. शैक्षिक व्यवस्थापन कसरी गर्ने प्रयास गरिएको छ ?

३. शैक्षिक व्यवस्थापन गर्दा मुख्य कस्ता कस्ता समस्याहरु आईपर्छन् ? र तिनीहरुको सामना कसरी गर्ने गरिएको छ ?

४. शैक्षिक व्यवस्थापन गर्न प्र.अ. कतिको सक्षम र निपूर्ण छन् ?

५. शैक्षिक व्यवस्थापन गर्ने क्रममा क-कस्ले कसरी सहयोग पुऱ्याइरहेका छन् ?

६. शैक्षिक व्यवस्थापन गर्न उपलब्ध स्रोत र साधनलाई कसरी प्रयोग गरिएको छ ?

## १.६ अध्ययनको परिसीमा

अनुसन्धानको उद्धेश्य, अनुसन्धानकालागि निर्धारित समय, प्राप्त स्रोत साधन आदी कुरालाई मध्यनजर गरेर यो अनुसन्धानलाई सम्पन्न गर्न खाँदवारी अगुवा स्रोत केन्द्र अन्तर्गतका ३४ वता सामुदायिक विद्यालयहरु मध्ये निम्नानुसारको परिसीमा निर्धारण गरिएको छ :

१. संखुवासभा जिल्लाको खाँदबारी अगुवा स्रोत केन्द्र,

२. उक्त स्रोतकेन्द्र अन्तरगतका २ वटा उ.मा.वि., २ वटा नि.मा.वि. र २ वटा प्रा.वि.,

३. प्रत्येक विद्यालयका प्र.अ.हरु,

४. उक्त स्रोतकेन्द्रका स्रोतव्यक्ति,

६. प्रत्येक छनौट भएका विद्यालयका २/२ जना शिक्षकहरु,

७. प्रत्येक छनौट भएका विद्यालयका ४/४ जना विद्यार्थीहरु,

८. सम्बन्धित क्षेत्रका ३/३ जना अभिभावकहरु,

९. अधिकांश विषयवस्तु व्यवस्थापन पक्षमा मात्र केन्द्रित ।

## १.७ मुख्य शब्दहरुको अर्थ

कुनैपनि विषयवस्तुको अध्ययन कार्य सम्पन्न गर्दा त्यस अध्ययन कार्यमा प्रयोग हुने सम्बन्धित विभिन्न बुँदाहरुका अर्थ र यसको परिभाषाको जानकारी दिने उद्देश्यले आवश्यक शब्दहरुको अर्थ र परिभाषा दिने प्रयास गरिएको छ :

| | |
|---|---|
| सरोकारवाला : | विद्यालयमा प्रत्यक्ष वा परोक्ष रुपमा सक्बन्ध भएको व्यक्ति वा समुह |
| सामुदायिक विद्यालय : | नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालय |
| विद्यालय व्यवस्थापन समिति : | विद्यालय संचालन, रेखदेख र व्यवस्थापन गर्नको लागि शिक्षा नियमावली अनुरुप गठित समिति |
| शिक्षक अभिभावक संघ : | विद्यालयमा विशेष गरी शैक्षिक स्तर वृद्धिका साथै शिक्षा नियमावलिले तोकेका कार्य गर्नेगरी गठित समिति |
| सल्लाहकार समिति : | विद्यालयले सल्लाहकारको रुपमा मार्गदर्शन एवम् सहयोगको अपेक्षा सहित सल्लाहकार समिति भनी गठित समिति |
| व्यवस्थापन : | कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्य |
| शिक्षण सिकाई क्रियाकलाप : | शिक्षण कार्यमा संलग्न रहेका शिक्षक र विद्यार्थी बीच कक्षाकोठा वा विद्यालय समय र कार्यक्रम अनुरुप अध्ययन र अध्यापन भइरहेको अवस्थालाई शिक्षण सिकाई क्रियाकलाप बुझ्नुपर्दछ । |
| अभिभावक : | विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावक भनी विद्यालयको अभिलेखमा उल्लेख भएका व्यक्तिहरु |
| प्रभावकारिता : | तालिम प्राप्त र सीपयुक्त जनशक्तिबाट अध्यापन गराई विद्यार्थीहरुको उपलब्धीमा देखिने सुधारयुक्त भिन्नता |

# परिच्छेद दुई :
# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

हाल सरकारी विद्यालयमा खस्कदै गएको शैक्षिक अवस्थालाई सुधार गर्न आवश्यक सहयोग पुग्ने उद्धेश्यले संखुवासभा  जिल्ला अन्तर्गत खाँदवारी अगुवा स्रोत केन्द्रका सामुदायिक विद्यालयहरुको अध्ययन मार्फत विद्यालयको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका शीर्षक राखी यस सोध कार्यलाई अगाडी बढाईएको छ । विद्यालय र यसबाट प्रदान गरिने शिक्षा गुणस्तर र स्तरीय भएमा मात्र विद्यालयको आन्तरिक तथा वाह्य प्रभावकारीतामा बृद्धि हुन जान्छ । सामुदायिक विद्यालयहरुमा शैक्षिक व्यवस्थापन गर्न नसक्दा र गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्दा सामुदायिक विद्यालयहरुको आकर्षण घट्न थालेको छ । विद्यालय एउटा संगठन हो । विद्यालयको पनि आफ्नो स्रोत र साधन हुन्छ । विद्यालयमा शिक्षक विद्यार्थी, कर्मचारी, समुदाय, भौतिक तथा आर्थिक पक्ष, समग्र शैक्षिक पक्ष पनि हुन्छ । यिनीहरुलाई सही किसिमले परिचालन गर्न नसक्दा नै गुणस्तरीय शिक्षा प्रदान गर्न नसकी शैक्षिक उपलब्धी सन्तोषजनक रुपमा हाँसिल गर्न सकिएको छैन । त्यसकारण यी उल्लेखित पक्षहरुको साथै अन्य शैक्षिक व्यवस्थापनसँग सम्बन्धित पक्षहरुको समुचित परिचालन र प्रयोग गर्न विद्यालयमा प्र.अ.को जिम्मेवारी महत्वपूर्ण र संवेदनशील हुन्छ । मानव संसाधन (शिक्षक, कर्मचारी) लाई दायित्वबोधका साथ काम गर्ने वातावरण निर्माण गर्न सकिएमा सामुदायिक विद्यालयमा राज्यले गरेका लगानी खेर जाँदैन । वर्तमान अवस्थामा नीजि विद्यालयहरुको शैक्षिक उपलब्धि र प्रभावलाई सम्मान गर्दै सामुदायिक विद्यालयमा सरकारी लगानि, तालिम प्राप्त शिक्षक र सरकारको प्रत्यक्ष चासो भईरहँदा पनि आशातित उपलब्धि हाँसिल नहुनु चुनौतिको रुपमा रहेको छ । विद्यालयमा उपलब्ध भौतिक पक्षलाई प्र.अ. लगायत सरोकारवाला सबै पक्षहरुले व्यवस्थापन गर्नु गर्नुपर्दछ । आर्थिक व्यवस्थापन, कक्षा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, खेलकूद व्यवस्थापन, द्वन्द व्यवस्थापन, मानव संशाधनको प्रयोग र योजनामा सहभागितामूलक व्यवस्थापन गरी प्रभावकारी शिक्षण गर्ने उचित वातावरण सिर्जना गरी सम्पूर्ण विद्यार्थीहरुलाई सामुदायिक विद्यालयहरुमा आकर्षित गरी दक्ष जनशक्ति निर्माण गर्ने कार्यमा कुशल प्र.अ.को आवश्यकता पर्दछ । त्यसकारण प्र.अ.लाई आवश्यक सल्लाह, सुझाव, अनुगमन, पृष्ठपोषण, सहयोग गर्नु शिक्षक, विद्यार्थी,

अभिभावक, आम जनसमुदाय, वि.व्य.स., स्रोतकेन्द्र, शि.अ.संघका साथै जि.शि.का. सहित सरोकारवाला सबै पक्षको दायित्व हुन्छ ।

यस शोधकार्यलाई अगाडी बढाउन संखुवासभा जिल्ला अन्तरगत खाँदवारी अगुवा स्रोतकन्द्र भित्रका ३४ वटा सामुदायिक विद्यालयहरुमध्ये ६ जना प्र.अ., ६ जना वि.व्य.स. का अध्यक्ष, ६ जना शि.अ.सं. अध्यक्ष, ६ जना अभिभावक, २४ जना विद्यार्थी र १२ जना शिक्षकहरुलाई प्रश्नावली दिई सहभागी गराइएको थियो ।

यो अध्ययन पुरा गर्ने क्रममा यसैसँग सम्बन्धित धेरै लेख, रचना पुस्तक दस्तावेज एवं प्रतिवेदनहरु अध्ययन गरिए तापनि निम्नानुसार २ वटा शोधपत्र तथा व्यवस्थापनसँग सम्बवन्धत २ वटा लेखको समिक्षा गरिएको छ ।

### २.१.१. विधा : शोधपत्र

(क) शोध शिर्षक : एस.एल.सी परीक्षामा स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षा विषयको प्रयोगात्मक अंक प्रदान गर्ने प्रकृया र त्यसले सिकाई कार्यमा पारेको प्रभाव एक अध्ययन

शोधकर्ता : अनिल प्रसाद आचार्य

शोध वर्ष : २०६४

पेशभएको स्थान : महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाण्डौं

शोधकर्ताले प्रस्तुत शोधपत्रमा माध्यमिक तहमा २०५६ सालबाट अनिवार्य विषयको रुपमा समावेश विषय स्वास्थ्य जनसंख्या तथा वातावरणको प्रयोगात्मक वापतको २५ पूर्णांकमा अंक दिने प्रकृयाको अध्ययनका क्रममा ललितपुर जिल्लाका १० वटा विद्यालयहरु गोला प्रथाद्वारा छनौट गरी स्थलगत अध्ययनको आधारमा एवम् जिल्ला शिक्षा कार्यालयबाट २ वर्षको मार्क लेजर अध्यययन गरी प्राप्त तथ्यांकलाई अध्ययन र विश्लेषण गरी २५ पूर्णांकमा अधिकांश २४, २५ वा २०-२५ अंक दिईएको तथ्य पत्तालागेको छ । शोधकर्ताले जान्ने र नजान्ने विद्यार्थीको प्रयोगात्मक अंकमा रहेको समानतालाई अनुसन्धानको विषय र आधार बनाई तथ्य अध्ययन गर्दा सैद्धान्तिक परीक्षाको ७५

पूर्णांकमा ७२ अंक ल्याउने र २४ अंक ल्याउने दुवैलाई प्रयोगात्मक अंक समान २५ दिनु नै बिना आधार अनुहार हेरेर अंक दिने गरेको निष्कर्ष निकालेका छन् । अध्ययनको क्रममा प्रयोगात्मक परीक्षाको अभिलेख र परीक्षा प्रणालीको अध्ययन गर्दा विद्यालयमा कुनै सामग्री र अभिलेख नभेटीनु र प्र.अ. तथा विषय शिक्षकसँग प्रत्यक्ष भेटवार्ता गर्दा पनि प्रयोगात्मक परीक्षा आर्थिक भार, समय अभाव र झन्झटीलो हुने कारण व्यवस्थित गर्न नसकिएको प्रतिक्रिया दिनुले पनि अंक प्रदान गर्ने कुनै निश्चित मापदण्ड निर्धारण नगरी स्वविवेक प्रयोग गरी प्र.अ. तथा विषय शिक्षकले अंक दिने गरेको निष्कर्ष रहेको छ । क्षमताको आधारमा अंक नदिँदा जान्ने विद्यार्थीमा नैरास्यता पैदा हुने तथा नजान्नेलाई पनि त्यतिनै अंक दिँदा नपढेपनि अंक आँउछ भन्ने गलत धारणा बसी विद्यार्थीमा मेहनत गर्ने बानी हट्ने भएकोले परीक्षा सञ्चालन गरेर वा प्रतिवेदन र अन्तर्वाता लिएर भएपनि अंक दिनुपर्ने सुझाव शोधकर्ताले दिएका छन् ।

प्रस्तुत शोधकार्य प्रयोगात्मक परीक्षा सञ्चालनका समस्या पहिचान गर्ने, स्वास्थ्य जनसंख्या तथा वातावरण विषयमा वर्तमान मूल्यांकन प्रणालीको लेखाजोखा गर्नु, एस.एल.सी. परीक्षामा प्रयोगात्मक परीक्षा प्रणालीको विश्लेषण गर्नु र प्रयोगात्मक अंक प्रदान गर्दाका असर पहिचान गर्ने र समाधानका उपाय प्रस्तुत गर्ने उद्धेश्यका साथ सञ्चालन गरिएको थियो । शोधकार्यको अनुसन्धान परिमाणात्मक ढाँचाको रहेको जस्को लागि ललितपुर जिल्लाका १० वटा विद्यालयका १० जना प्र.अ., १० जना विषय शिक्षक, २० जना विद्यार्थी र जिल्ला शिक्षा कार्यालयका १ जना परीक्षा शाखाका कर्मचारीसँगको अन्तर्वाता साथै २०६० र २०६१ सालको एस.एल.सी. परीक्षको विद्यालयगत औषत प्राप्तांकको तुलनात्मक अध्ययनबाट शोधपत्रको निष्कर्ष निकालिएको शोधार्थीले प्रस्तुत गरेका छन् ।

सबल पक्ष

१. क्षेत्र भ्रमण, अन्तर्वाता र अभिलेखको अध्ययनबाट प्राप्त तथ्यांकलाई विश्लेषण गरी निष्कर्ष निकाल्नु,
२. सम्बन्धित विषय शिक्षक, प्र.अ., जि.शि.का., प.नि.का. समेतलाई प्रकृया सुधार गरी निश्चित मापदण्ड तयार गरेर लागू गर्न साथै अनुगमनलाई व्यवस्थित गर्न गहकिलो सुझाव प्रदान गर्नु,
३. तालिका एवम् लेखाचित्रको प्रस्तुती र विश्लेषण स्पष्ट हुनु,

४. भावी दिनमा अध्ययन अनुसन्धान गर्न आवश्यक रहेका उपयुक्त विषयको आधार प्रदान गर्नु,
५. अध्ययन गरिएको समग्र जिल्लाको विशेषता सहित तथ्यांक गणितीय रुपमा प्रस्तुत गर्नु ।

सुधारात्मक पक्ष

१. विशिष्टीकरण तालिका अनुसार सैद्धान्तिक र प्रयोगात्मक विषयको पूर्णांक तालिका प्रस्तुत गरिएको तर त्यसको विश्लेषण नगरिएको,
२. जिल्लाको क्षेत्रफल, जनसंख्या, घनत्व, जनसंख्या वृद्धिदर, लैंगिक अनुपात, घरधुरी, अवस्थिति, विद्यालय संख्या, साक्षरता दर जस्ता गणितीय तथ्यांक प्रस्तुत गरिएको तर स्रोत नखुलाईएको,
३. अनुसन्धानको लागि परिमाणात्मक ढाँचा प्रयोग गरिएको भनिएको तर परिमाणात्मक साथै गुणात्मक ढाँचा पनि प्रयोग गरिएको र परिमाणात्मक अनुसन्धानका लागि कुनै परिकल्पना निर्माण नगरिएको देखिन्छ ।

(ख) शोध शिर्षक : विद्यालयको सुव्यवस्थापनमा प्र.अ.ले सामना गर्नु परेका कठिनाईहरु
शोधकर्ता : रमेश प्रसाद मैनाली
शोध वर्ष : २०५६
पेशभएको स्थान : त्रि.वि.वि. कीर्तिपूर

प्रस्तुत शोधपत्रमा शोधकर्ताले आधारभूत तथा प्राथमिक शिक्षा लागू भएका ४० जिल्ला मध्ये सर्लाही जिल्ला छनौट गरी अध्ययन पश्चात शिक्षाको गुणस्तर उकास्न ठूलो धनराशी खर्च गरेर मात्र हुँदैन, विद्यालयको व्यवस्थापन, शिक्षक व्यवस्थापन, आर्थिक व्यवस्थापन, विद्यार्थी व्यवस्थापन, भौतिक व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन र समुदायसँगको सम्बन्ध सुदृढीकरणमा विशेष ध्यान दिनुपर्ने निष्कर्ष निकालेका छन् जस्को उद्धेश्य प्र.अ.ले भोग्नु परेका समस्याहरु पत्तालगाउने, शिक्षक तथा विद्यार्थी व्यवस्थापन र यस सम्बन्धि समस्याको समाधानको उपाय पत्तालगाउने, विद्यालयको भौतिक, शैक्षिक सामग्री, आर्थिक व्यवस्थापनमा प्र.अ.ले सामना गर्नुपरेका समस्या र समाधानका

उपायहरु पत्ता लगाउने रहेका छन् । जस्का लागि शोधार्थीले विभिन्न प्रश्नावलीहरुको प्रयोगगरी तथ्यांक संकलन र विश्लेषणबाट निष्कर्ष निकालेका छन् ।

सबल पक्ष

१. अध्ययनलाई व्यापकता दिनु,

२. प्रधानाध्यापकका समस्याहरुको अध्ययन गर्न सम्पूर्ण सरोकारवाला पक्षहरुलाई समेटी प्रश्नावली गरी गहन विश्लेषणको आधारमा निष्कर्ष निकाल्नु,

३. सैद्धान्तिक र व्यवहारिक रुपमा आईपर्ने ससाना समस्याहरुको खोजी गरी प्रधानाध्यापकहरुलाई सुव्यवस्थापन गर्न मार्ग दर्शन गर्नु ।

सुधारात्मक पक्ष

१. समस्याहरु धेरैमात्रामा दर्शाईएको तर समाधानका उपायहरुको बारेमा कुनै विधि स्पष्ट नगरिनु,

२. कठीनाईमात्र खोज्ने प्रयास गरिएको तर स्वयं प्र.अ.का व्यक्तिगत कम्जोरीको अध्ययन गरी सुझाव प्रदान नगरिनु,

३. आर्थिक, भौतिक र शैक्षिक पक्षलाईमात्र वढी अध्ययनको विषय बनाई प्रशासनिक व्यवस्थापनको पक्ष र समन्वयको पक्षलाई कम महत्व दिनु ।

## २.१.२. विधा : जर्नल लेख

(क) लेख शिर्षक : विद्यालय व्यवस्थापनका आयामहरु

लेखक : हरि प्रसाद लम्साल

प्रकाशन वर्ष : २०६८

प्रकाशक : सोपान मासिक

विद्यालय व्यवस्थापनको सन्दर्भमा लेखकले व्यवस्थापन शब्दको शाब्दिक अर्थ कामकाजको प्रबन्ध मिलाउने काम, तर्जुमा, क्रम वा स्थान मिलाएर राख्ने काम, निर्धारण, विधि व्यवस्था भन्ने बृहत

नेपाली शब्दकोषलाई साभार गर्दै स्पष्ट बनाएर शिक्षा ऐन नियमावलीले समेत व्यवस्थापन कार्यलाई दुई भागमा वर्गिकरण गरेको र सो कार्य गर्नको लागि आवश्यक अधिकार वि.व्य.स. र प्र.अ.लाई प्रदान गरेको स्पष्ट पार्नु भएको छ । विद्यालय व्यवस्थापन पक्षको कम्जोरी नै शिक्षाको गुणस्तर बढ्न नसक्नुका कारण मध्ये प्रमुख रहेको कुरा लेखकले स्पष्ट बनाउदै शिक्षाको गुणस्तर वृद्धिका बाधकको रुपमा स्रोतको समुचित परिचालन हुन नसक्नु, मानव संशाधनको प्रयोग हुन नसक्नु, समुदायको सहयोग र सहभागिता प्राप्त हुन नसक्नु, विद्यालयमा समूह निर्माण र समूह कार्य हुन नसक्नु, नयाँ स्रोतको खोजीमा विद्यालय व्यवस्थापन पक्षले ध्यान दिन नसक्नु जस्ता तत्वहरु प्रस्तुत गर्नुका साथै व्यवस्थापनलाई सुदृढ बनाउन गर्नुपर्ने कार्य निम्नानुसार रहने तर्क लेखमा प्रस्तुत गरिएको छ ।

क) शिक्षक व्यवस्थापन गर्ने सम्बन्धमा,

ख) भौतिक सुविधा एवम् शैक्षिक सुविधा व्यवस्थापन गर्ने सम्बन्धमा,

ग) विद्यालय उत्तरदायित्व र पारदर्शिताको प्रत्याभूति व्यवस्थापन गर्ने सम्बन्धमा,

घ) विद्यालय सञ्चालन प्रकृयाका सम्बन्धमा,

ङ) विद्यालयले प्राप्त गरेको उपलब्धि प्रदर्शन र जानकारी सम्बन्धमा ।

सबल पक्ष

१. व्यवस्थापकले व्यवस्थापन गर्दा ध्यान दिनुपर्ने पक्षहरुको किटान,
२. विद्यालयमा विषय शिक्षकहरुको समूह निर्माण गर्नुपर्ने सुझाव,
३. मौजुदा जनशक्तिबाट वढी उपलब्धि लिने योजना बनाई कार्यान्वयन गर्ने तथा नतिजा विश्लेषणलाई व्यवस्थित बनाउनु गुणस्तर बृद्धिको प्रभावकारी उपाय भएको धारणा,
४. अभिभावक दिवश, वार्षिकोत्सव, अन्तरक्रिया कार्यक्रमको आयोजना मार्फत अभिभावकहरुलाई र विद्यालय पोशाक,अतिरिक्त कृयाकलाप, बालमैत्री सिकाई जस्ता व्यवहारबाट विद्यार्थीवर्गमा विद्यालय प्रति अपनत्वको भावना जागृत गर्न सकिने उपाय प्रदान,
५. भौतिक सुधार, सामाजिक परीक्षण, छात्रवृत्ति छनौट एवम् वितरण, तथ्यांकको चुस्तता व्यवस्थापनको कसी हो भन्ने वास्तविक धारण प्रदाल गर्नु ।

सुधारात्मक पक्ष

१.शिक्षकलाई उमेर अनुसार कामको बाँडफाँड गर्नुपर्छ भन्ने धारणा शिक्षकहरुवीचको एकताको बाधक हुन सक्ने भएकोले कारण र उदाहरण सहित स्पष्ट पारिएको भए अझ राम्रो हुने,

२. नतिजा विश्लेषणको खाका सहित स्पष्ट पार्दा अझ राम्रो हुने,

३. कक्षा छाड्ने तथा कक्षा दोहोऱ्याउने दर घटाउनु पर्ने आवश्यकता दर्शाईएको तर त्यसका उपायहरु नदिईएको,

४.व्यवस्थापन सुदृढ बनाउन विद्यालयले गर्नुपर्ने कार्यक्षेत्र तोकिएको तर ककस्ले र कसरी कार्य सम्पादन गर्ने समेत दर्शाउँदा सम्बन्धित पक्षलाई अझ सहज हुने ।

(ख) लेख शिर्षक : शिक्षक व्यवस्थापनका आयामहरु

लेखक : हरि प्रसाद लम्साल

प्रकाशन वर्ष : २०६८

प्रकाशक : सोपान मासिक

प्रस्तुत लेखमा लेखकले शिक्षकलाई शिक्षा प्रणलीको मेरुदण्ड, सिकाईको जग निर्माता, समाजका सचेत वर्ग, परिवर्तनका संवाहक, कर्मजीवि शिल्पकारको संज्ञा दिदै उनीहरुबाट नैतिकता र जिम्मेवारीको समिश्रणबाट स्पष्ट जवाफदेहिताको अपेक्षा राज्यले राखेको भनी पेशा र जिम्मेवारी प्रति संवेदनशील हँदै सामाजिक जीवन यापनका क्रममा सचेत भई समाजको पथ प्रदर्शक हुनुपर्ने आवश्यकता दर्शाएका छन् । उक्त लेखमा स्थायी, अस्थायी, राहत अनुदान,  एऋँ, स्थानीय स्रोत शिक्षक, संस्थागत विद्यालय शिक्षक जस्ता प्रकृतीका शिक्ष्कहरु कार्यरत रहेको साथै सेवा सुविधा, तह श्रेणी, अवसर समेतमा भएको विविधताले शिक्षक पेशा र पदीय मर्यादामा आँच पुग्ने लेखकले दर्शाउनु भएको छ । त्यसैगरी लेखको माध्यमद्वारा भौगोलिक विकटता, घना बस्तीको अवस्था र विद्यार्थी संख्या जस्ता आधारहरु दरवन्दी वितरणका आधार हुनसक्ने र हाम्रा मान्छे नभई राम्रा मान्छे भन्ने व्यवहारिक सिद्धान्तका आधारमा शिक्षक नियुक्ति हुनुपर्ने महत्वपूर्ण सन्देश सरोकारवालाहरुलाई प्रदान गरिएको छ भने शिक्षक सँधै अध्ययनशील हुनुपर्ने, अध्यावधिक हुने, नयाँ सोच एवम् प्रविधिसँग नजिक हुन प्रयत्न गरिरहनुपर्ने र तालिममा सिकेका सिपलाई कक्षाकोठामा प्रवेश गराई

विद्यार्थी वर्गमा स्थानान्तरण गरेमात्र सिकाई सफल र प्रभावकारी हुने भनी शिक्षकहरुलाई आफ्नो कर्तव्यबोध गराउन सहयोग गरेको छ ।

सवल पक्ष

१. शिक्षक पदको महत्वलाई स्पष्ट व्यख्या गरिएको,
२. विविधतायुक्त शिक्षक पदहरु व्यवस्थापन गर्नु आवस्यक रहेको राज्य पक्ष एवम् सरोकारवालालाई  सन्देश दिनु,
३. दरवन्दी वितरणका आधारहरु प्रदान गर्नु,
४. शिक्षक नियुक्तिका क्रममा भईरहेका गलत प्रवृतीलाई निरुत्साहित गर्न आधार प्रदान गर्नु।

सुधारात्मक पक्ष

१. न्युनतम शैक्षिक योग्यता भएका शिक्षहरुलाई प्रोत्साहित गर्ने लेखको भावनाले शिक्षकको योग्यता वढाउने र पदोन्नति सम्बन्धि ऐन नियमावलीको व्यवस्थासँग मेल नखानु,
२. शिक्षकलाई दिईएको संज्ञाले लेखमा प्रस्तुत गरिएको शिक्षण पेशाको आकर्षणलाई निजामति कर्मचारीसँग सेवा सुविधामा गरिएको तुलनाले विवादित बनाउनु,
३. विद्यालय निरीक्षण गर्ने व्यक्ति र शिक्षकलाई सहयोग गर्ने व्यक्ति केमा शिक्षक भन्दा फरक छ भन्ने प्रश्नको उत्तर शिक्षक स्वयंले पाउन सक्नुपर्छ भन्ने वाक्यांशले स्रोतव्यक्ति जस्ता पदमा अनुभवी र दक्ष शिक्षकहरुबाट भईरहेको पदपूर्ति प्रकृयाको चुनौति स्वरुप प्रस्तुत गरिएको आभाष भएकोले त्यस्ता गरिमामय पदमा शिक्षक पुग्ने कुरामा द्विवीधायुक्त प्रस्तुतिलाई स्पष्ट बनाउँदा अझ राम्रो हुनजान्छ ।

## २.२ अध्ययनको सैद्धान्तिक संरचना

व्यवस्थापन गर्नु सजिलो कार्य हैन । प्रभावकारी ढङ्गले व्यवस्थापन कार्य गर्न व्यवस्थापकमा विभिन्न व्यवस्थापकीय सीपहरु हुन आवश्यक हुन्छ । शैक्षिक व्यवस्थापन भनेको शैक्षिक सेवाहरु प्रभावकारी एवम् सफलतापूर्वक सञ्चालन गराउने प्रक्रिया हो । योजना, सङ्गठन, निर्देशन, नियन्त्रणको प्रभावकारीतामा शैक्षिक उद्देश्य प्राप्त गर्ने एक प्रक्रियाको रुपमा शैक्षिक व्यवस्थापन

रहेको हुन्छ । शैक्षिक व्यवस्थापन गर्न प्र.अ.को भूमिका विषयक यस अनुसन्धानमा Henry Fayol को प्रशासकीय व्यवस्थापनको सिद्धान्त प्रयोग गरिएको छ ।

Henry Fayol को प्रशासकीय व्यवस्थापनको सिद्धान्तले प्रत्येक कामदारको बेग्लाबेग्लै कार्यसँग सम्बन्ध र सरोकार राख्ने गरेकोले सम्पूर्ण व्यवस्थापकीय पद्धतिमा ध्यान दिन समकालिन सङ्गठनात्मक सिद्धान्तको रुपमा प्रशासनिक व्यवस्थापनको सिद्धान्तको थालनी भएको हो । यो सिद्धान्तलाई पनि शास्त्रीय सङ्गठनात्मक पक्ष अन्तरगत राखी विद्धानहरुले विश्लेषण गरेका छन् । यो सिद्धान्तलाई Management Process Theory पनि भनिन्छ । व्यवस्थापन प्रक्रिया विश्वव्यापी कार्य भएकोले विकसित भएको हो । यस सिद्धान्तको प्रतिपादन Henry Fayol ले गरेका थिए । Henry Fayol ले व्यवस्थापनको कार्यलाई Poccc - Planning, Organizing, Commanding, Co-ordinating, Controlling, को रुपमा प्रस्तुत गरेका छन् । यो शोध अनुसन्धानका क्रममा कुनैपनि संस्थाको सुसञ्चालनको लागि योजना निर्माण गर्ने कार्य सबैभन्दा महत्वपूर्ण र पहिलो कार्य हो । त्यसैगरी संस्थाका भौतिक, आर्थिक तथा मानवीय जनशक्तिको उचित परिचालनको लागि विभिन्न दक्षता, क्षमता, चाख र अनुभव समेतका आधारमा विभिन्न प्रकारका समिति एवम् उप समितिहरु निर्माण गरेर सम्बन्धित व्यक्ति र समूहलाई जिम्मेवारी वोध गराउँदै उपयुक्त र कृयाशील संगठन निर्माण र परिचालन उत्तिकै आवश्यक पर्दछ । योजना निर्माण र संगठन निर्माण संगसँगै नेतृत्वले समन्वयका साथ परिचालन, निर्देशन र नियन्त्रण गर्दै मुल्यांकन र समिक्षाको आधारमा पुनर्योजना गर्नु आवश्यक हुन्छ । यो सम्पूर्ण कार्यको प्रकृयागत आधारलाई मार्गनिर्देश गर्ने कार्यमा Henry Fayol को प्रशासकीय व्यवस्थापनको सिद्धान्त अति उपयोगी हुने महशुस गर्दै यस शोधकार्यमा उक्त सिद्धान्त अबलम्बन गरिएको छ ।

## २.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग

विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका विषयमा गरिएको अनुसन्धानमा विधि छनौट गर्न, ढाँचा निर्धारण गर्न, उद्देश्य छनौट गर्न, तथ्याङ्क सङ्कलन गर्न, तथ्याङ्कको विश्लेषण गर्न, निष्कर्ष निकाल्न र सम्बन्धित सरोकारवाला सबैलाई सुझाव प्रवाह गर्नका लागि गरिने पुनरावलोकनले आधार तयार गर्न सहयोग गरेकोले पुनरावलोकनलाई  सहयोगी साधनको रुपमा प्रयोग गरिने छ ।

# परिच्छेद तीन :
# अनुसन्धान विधि

## ३.१. अनुसन्धान ढाँचा

कुनैपनि विषयवस्तुको अध्ययन निश्चित प्रक्रियाद्धारा सम्पन्न गर्नुपर्ने हुन्छ फरक विषयवस्तुको अध्ययनशैली (विधि) पनि फरक किसिमको हुन्छ । खाँदवारी अगुवा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका शिर्षकको यस शोध कार्यमा प्रयोग गरिएको ढाँचा मिश्रीत प्रकृतिको रहेको छ । तथ्याङ्क सङ्कलन नमूना छनौट तथा तथ्याङ्क विश्लेषण प्रक्रियालाई निम्न अनुसारले उल्लेख गरिएको छ ।

यस शोधकार्यलाई सम्पन्न गर्नको लागि शोधार्थीले संखुवासभा जिल्ला अन्तरगत खाँदवारी अगुवा स्रोतकन्द्रका विद्यालयहरुलाई लक्षित गरेर प्रश्नावली बनाई उक्त प्रश्नावलीलाई स्तरीकृत नमूना छनौट विधिमा परेका विद्यालयहरुमा गई प्र.अ., शिक्षक, वि.व्य.स.का अध्यक्ष, शि.अ.सं. अध्यक्ष, अभिभावक र विद्यार्थीहरुसँग प्रश्नावली दिई राय संकलन र अन्तरक्रिया गराउने काम भएको छ । समुदायका विभिन्न विद्यालयमा गुणस्तरीय शिक्षा दिने धारणा र नाराहरु मञ्चबाट नेताहरुले व्यक्त गरेपनि वास्तवमा त्यो कार्य पुरा हुन सकेको छैन । विद्यालयका प्रधानाध्यापकहरुले विभिन्न शैक्षिक व्यवस्थापकीय समस्याहरु भोग्दै आएका छन् । वास्तवमा सीमित स्रोत र साधनबाट धेरै उपलब्धी हाँसिल गर्नु उनीहरुमा चुनौतिपूर्ण बाध्यता छ । शिक्षक-शिक्षक बीचमा मेल गराउनु तथा समुदायलाई विद्यालयप्रति आकर्षित पार्ने उपयुक्त तरिका वा विधिहरुको खोजीमा यस अध्ययनकार्यले केही हदसम्म सहयोग पुऱ्याउने छ । अनुसन्धान संखुवासभा जिल्लाको खाँदवारी अगुवा स्रोतकेन्द्रका विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिकासँग सम्बन्धित छ । यस स्रोतकेन्द्र भरीका विद्यालयहरुका प्र.अ., वि.व्य.स.का अध्यक्षहरु, कार्यरत शिक्षक, शि.अ.सं.का अध्यक्षहरु, अभिभावकहरु र विद्यार्थीहरु अध्ययनको जनसंख्यामा रहनेछन् । अन्तरवार्ता, प्रश्नावली तथा अवलोकन विधिको प्रयोग एवं विश्लेषण गरी अनुसन्धानको लागि मिश्रीत ढाँचा उपयोगमा ल्याइएकोछ ।

## ३.२ जनसंख्या र नमुना

शोधकार्य सम्पन्न गर्न विभिन्न ठाउँ र क्षेत्रमा गएर नमुनाको खोजी गर्न आवश्यक हुन्छ । किनकी शोधकार्यबाट नयाँ तथ्य भेट्न सकिन्छ । यसरी नयाँ गुण वा तथ्य भेट्नको लागि अध्ययन विधि पनि भरपर्दो प्रयोग गर्नुपर्छ, तबमात्र सत्य तथ्य कुरा पत्ता लाग्दछ । त्यसका लागि सबै ठाउँमा गएर सबै कुराको अध्ययन गर्न समय र आर्थिक अवस्थाले पनि नभ्याउने भएकाले शोधकार्य सम्पन्न गर्न नमूनाको रुपमा स्तरीकृत नमूना छनौट विधि प्रयोग गरिएको छ । यस संखुवासभा जिल्ला खाँदवारी अगुवा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका नामक शोधकार्य सम्पन्न गर्न ६ जना प्र.अहरु, ६ जना वि.व्य.स. का अध्यक्षहरु, ६ जना शि.अ.सं. का अध्यक्षहरु, १८ जना अभिभावकहरु, २४ जना विद्यार्थीहरु र १२ जना शिक्षकहरुलाई प्रश्नावली भर्ने कार्य गराईएको थियो ।

### (क) जनसंख्या

यस अध्ययनमा संखुवासभा जिल्ला अन्तर्गत खाँदवारी अगुवा स्रोत केन्द्रभित्रका छनौटमा परेका ६ वटा विद्यालयहरुका सम्पूर्ण सरोकारवालाहरु जनसंख्याको रुपमा रहेका छन् ।

### (ख) नमूना छनौट

अध्ययनका लागि छनौट गरिएका विद्यालयहरु क्षेत्रगत नमुना छनौट विधि ( Cluster Sampling ), प्र.अ., वि.व्य.स. अध्यक्ष तथा शि.अ.संघका अध्यक्षहरु उद्धेश्यमूलक नमुना छनौट विधि ( Purposeful Sampling ) साथै अभिभावक, शिक्षक तथा विद्यार्थीहरु भने छ्यासमिसे नमुना छनौट विधि ( Random Sampling ) मार्फत छनौट गरिएको छ ।

## ३.३ तथ्यांक संकलनका साधनहरु

अध्ययनको क्रममा तथ्याङ्क सङ्कलन गर्न खुला तथा बन्द प्रश्नावलीको प्रयोग गरिएको छ । त्यसै गरी स्थलगत अवलोकनका क्रममा अन्तरवार्ताका लागि सूचि र अभिलेख अध्ययनलाई पनि अनुसन्धानको साधनको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्कको स्रोत

विद्यालयको  व्यवस्थापनको वास्तविक अवस्था अध्ययनको क्रममा शोधकर्ता आफैं सम्बन्धित सरोकारवालाहरुसँग प्रत्यक्ष भेटि प्रत्यक्ष रुपमा दुवै पक्षको संलग्नता र सकृयतामा संकलन गरिएका तथ्यांकहरु प्राथमिक तथ्यांक हुन् भने प्रत्यक्ष उपस्थित भएर वा नभई विभिन्न अभिलेखहरुका आधारमा वा अन्य तयारी सामग्रीको अध्ययन तथा प्रयोगबाट प्राप्त तथ्यांकहरु सहायक तथ्यांक हुन् ।

प्राथमिक स्रोत : प्रश्नावली, अन्तरवार्ता, छलफल तथा अवलोकनबाट प्राप्त तथ्याङ्कहरु प्राथमिक स्रोतको रुपमा प्रयोग गरिएको छ ।

द्वितीय स्रोत : विद्यालयमा उपलब्ध अभिलेख र तथ्याङ्कहरु, विद्यालयले निर्माण गरेका वार्षिक कार्ययोजना द्वितीय स्रोतको रुपमा प्रयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

संखुवासभा  जिल्ला अन्तरगत खाँदवारी अगुवा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका नामक अध्ययन कार्यलाई सम्पन्न गर्न नमुना छनौटमा परेका सामुदायिक विद्यालयहरुसँग प्रत्यक्ष रुपमा भेट गरी सामान्य सोधपुछ तथा छलफल गरिएको थियो साथै विद्यालयको प्रशासन कक्षबाट प्राप्त अभिलेखको अध्ययन गरिएको थियो भने मुख्य गरेर प्रश्नावली गराउने कार्य नै तथ्य सङ्कलनको महत्वपूर्ण पक्ष रहेको थियो । यस अध्ययन कार्य सम्पन्न गर्न शोधकर्ता आफैले छनौटमा परेका विद्यालयका प्र.अ.हरु, शिक्षकहरु, वि.व्य.स.का

अध्यक्षहरु, शि.अ.संघका अध्यक्षहरु, अभिभावकहरु र विद्यार्थीहरुसँग प्रत्यक्ष रुपमा भेट गरी सो कार्य सम्पन्न गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रक्रिया

यस अध्ययन तथा अनुसन्धानको लागि छनौट गरिएका नमुनाहरुबाट रही तथ्याङ्क संकलन पश्चात तथ्याङ्कहरुलाई आ-आफ्नो वर्गमा समावेश गरिसकेपछि तथ्याङ्कहरुलाई व्याख्या र विश्लेषण गर्नु एक महत्वपूर्ण कार्य हुन आउँछ । तथ्यांकको सही विश्लेषणको आधारमा नै विषयवस्तुका समस्याका बारेमा निष्कर्षमा पुग्न सजिलो हुन्छ । सही विश्लेषण गरेको खण्डमा विषयवस्तुको समस्याको निष्कर्ष निकाल्न सकिन्छ । संखुवासभा जिल्ला अन्तरगत खाँदवारी अगुवा स्रोतकेन्द्रका सामुदायिक विद्यालयहरुमा  विद्यालयको शैक्षिक व्यवस्थापन गर्न प्र.अ. को भूमिका शीर्षक राखी अध्ययन गर्नको लागि तयार पारिएको प्रश्नावलीहरुको प्रतिक्रिया सङ्ख्यात्मक र गुणात्मक तरिका, सामान्य छलफल सोधपुछमा प्राप्त धारणाहरु सङ्कलन गरी त्यसलाई तालिकामा प्रस्तुत गरी व्याख्या एवम् विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

# परिच्छेद चार :
# नतिजा विश्लेषण

विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका विषयक अनुसन्धान गर्न खाँदवारी अगुवा स्रोतकेन्द्रका छनौटमा परेका ६ वटा विद्यालयहरुमा स्थलगत अवलोकन अध्ययन गरिएको थियो । स्थलगत अवलोकन गर्दा विद्यालयहरुमा शैक्षिक व्यवस्थापनमा प्र.अ.ले ध्यान दिएको अवस्थालाई अध्ययन गर्दा फरक फरक अवस्था पाईयो तर पनि समग्रमा चिन्तनशील भई लागिपरेको अवस्था कमै पाइयो । उपलब्ध स्रोत, साधनको समुचित प्रयोग पूर्ण रुपले गर्न नसकिएको अवस्था पाइयो । कतिपय विद्यालयहरुमा शैक्षिक, भौतिक, आर्थिक र प्रशासनिक अवस्था कमजोर रहेको पाइयो भने केही विद्यालयहरुमा सन्तोषजनक स्थिति रहेको पाईयो । कतिपय विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सन्तोषजक रुपमा रहेको पनि पाइयो । प्रधानाध्यापक एक्लैले शैक्षिक व्यवस्थापन गर्न नसक्ने भएकाले शिक्षक, अभिभावक, विद्यार्थी, बुद्धिजीवि, राजनीतिकर्मी, नागरिक समाज, राज्यपक्ष र सरोकारवाला सबैले प्र.अ.लाई सहयोग पुऱ्याई गुणात्मक शिक्षा प्रदान गराउन प्रेरित गर्नुपर्ने देखिन्छ । यसै सिलसिलामा प्रधानाध्यापक, शिक्षक, वि.व्य.स. अध्यक्ष, शि.अ.सं. अध्यक्ष, अभिभावक र विद्यार्थीहरुलाई सहभागी गराएर दिईएको प्रश्नावलीको आधारमा प्राप्त राय एवम् प्रतिकृयालाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिका

### ४.१.१ प्रधानाध्यापकहरुको प्रतिक्रियाको विश्लेषण र व्याख्या

यस अध्ययनको लागि छनौट गरिएको २ वटा उ.मा.वि., २ वटा मा.वि. र २ वटा प्रा.वि. का ६ जना प्रधानाध्यापकहरुलाई जम्मा २० वटा प्रश्नहरु गरिएका थिए । ती सबै प्रश्नहरु शैक्षिक व्यवस्थापनसँग सम्बन्धित छन् । केहीै प्रश्नहरु बहुविकल्प प्रश्नहरु छन् भने केही प्रश्नहरु खुल्ला प्रकृतिका छन् । ठिक उत्तरमा लगाईएका रेजा चिन्ह (√) तथा आफ्ना खुल्ला राययुक्त उत्तरका आधारमा प्राप्त भएका तथ्यहरुलाई प्रतिशतमा बदली प्रत्येकको व्याख्या र विश्लेषण गरिएको छ जस्को प्रश्नावली तथा प्रतिकृया विवरण तालिका अनुसुची दुई र तीनमा समावेश गरिएको छ ।

प्राप्त रायका आधारमा तपाईले विद्यालयमा कसरी शैक्षिक व्यवस्थापन गर्नुभएको छ ? भन्ने प्रश्नावलीको जवाफमा २ जना वा ३३.३३ % ले उपलब्ध स्रोत र साधनको उचित प्रयोग गरेर शैक्षिक व्यवस्थापन गर्ने प्रयास गरेको भनी प्रतिक्रिया दिए । जनसमुदायको सहयोग लिएर भन्ने विकल्पमा १ जना वा १६.६६ % ले प्रतिक्रिया दिनुभयो । १ जना वा १६.६६ % ले सन्तोषजनक रुपमा व्यवस्थापन गर्न सकिएको छैन भन्ने जवाफ प्राप्त भएको थियो र २ जना वा ३३.३३ % ले चाँही वि.व्य.स., शिक्षक स्टाफ र कर्मचारीलाई विश्वासमा लिएर शैक्षिक व्यवस्थापन गर्ने गरेको भन्ने प्रतिक्रिया दिनु भएको थियो ।

शैक्षिक योजना बनाउन पहिलो प्राथमिकता केलाई दिनु हुन्छ ? भन्ने प्रश्नको प्रतिक्रियामा नीति निर्धारण भन्ने विकल्पमा ३ जना वा ५० %, विद्यालयको समस्या निदान मा २ जना वा ३३.३३ % ले शैक्षिक तथ्यांकको संकलनमा १ जना वा १६.६६ % र भविष्यको आवश्यकता निर्धारण गरेर भन्ने विकल्पमा कसैले पनि सहमति नजनाएको जवाफ दिनुभएको थियो । विद्यालय सञ्चालन गर्दा भोग्नुपरेमा समस्याहरु के के हुन् ? भन्ने प्रश्नको प्रतिक्रियामा कमजोर आर्थिक अवस्थामा १ जना वा १६.६६ %, शिक्षकहरुबाट दायित्वबोधको कमीमा २ जना वा ३३.३३ %, समुदायको असहयोगमा १ जना वा १६.६६ %, र शिक्षक दरबन्दीको कमीमा २ जना वा ३३.३३ % प्रधानाध्याकहरुले जवाफ दिनु भएको थियो ।

विद्यालयको समस्याको बारेमा कोसँग छलफल गर्नुहुन्छ भन्ने प्रश्नावलीमा वि.व्य.स.सँग भन्ने विकल्पमा २ जना वा ३३.३३ %, शिक्षक स्टाफसँग २ जना वा ३३.३३ %, अन्य विद्यालयका प्र.अ. सँग भन्ने विकल्पमा १ वा १६.६६ %, जि.शि.का.सँग भन्ने विकल्पमा १ जना वा १६.६६ % ले प्रतिक्रिया दिनु भएको थियो । विद्यालयमा कार्यरत शिक्षक स्टाफहरुबाट कस्तो सहयोग पाउनुभएको छ ? भन्ने प्रश्नको उत्तरमा पुरा सहयोग पाउने नगरेको धारणा व्यक्त गर्दै आंशिक सहयोग पाएकोमा २ जना वा ३३.३३ % ले, सहयोग गर्दैनन् मा २ जना वा ३३.३३ % ले र सन्तोषजनक रुपमा २ जना वा ३३.३३ % ले प्रतिक्रिया दिनु भएको थियो । शैक्षिक गुणस्तर बृद्धि गर्न कुन पक्षलाई बढी जिम्मेवार ठान्नुहुन्छ ? भन्ने प्रश्नमा ६ जना वा १००% ल प्र.अ. हरुले नै शिक्षक, विद्यार्थी, अभिभावक सबैको जिम्मेवारी हुन्छ भन्ने प्रतिक्रिया व्यक्त गर्नुभयो । स्टाफ बैठक कुन समयमा राख्नुहुन्छ ? भन्ने प्रश्नावलीमा मासिक रुपमा राख्ने गरिएकोमा ३ जना वा ५० % ले,

आवश्यक परको बेलामा भन्ने धारणामा ३ जना वा ५०% ले र शिक्षकले माग गरेमा तथा वार्षिक रुपमा भन्ने विकल्पमा कसैले पनि असहमतिको आफ्नो राय व्यक्त गर्नुभयो ।

विद्यालयको आर्थिक अवस्था सुदृढ गर्न अभिभावकको सहभागिता कस्तो छ ? भन्ने प्रश्नको जवाफमा सामान्य रुपमा ४ जना वा ६६.६६ % ले र अभिभावकको सहभागिता छैन भन्ने विकल्पमा २ जना वा ३३.३३ % ले सहमति जनाउनु भएको थियो । शिक्षकको क्षमताको अभिबृद्धि गर्न के गर्नुपर्दछ ? भन्ने प्रश्नको जवाफमा तालिमको व्यवस्थामा १ जना वा १६.६६ % ले, दण्ड र पुरस्कारको व्यवस्थामा ५ जना वा ८३.३३ % ले र आर्थिक सुविधा वृद्धि तथा पदोन्नति गरेर कार्यदक्षता नवढ्ने पक्षमा आफ्नो राय व्यक्त गर्नुभएको थियो । त्यस्तैगरि तपाईंको विद्यालयमा भवनको पर्याप्तता कस्तो रहेको छ ? भन्ने सन्दर्भमा पर्याप्त छ भन्ने रायमा १ जना वा १५.६६ % र पर्याप्त छैन भन्ने प्र.अ.हरु ५ जना वा ८३.३३ % रहेको पाईयो ।

तपाईको विद्यालयमा पुस्तकालयको अवस्था कस्तो छ ? भन्ने प्रश्नावलीमा कमजोर ३ जना वा ५०% ले र अव्यवस्थित मा १ जना १६.६६ % ले र पुस्तकालय नै छैन भन्ने प्र.अ.हरु २ जना वा ३३.३३ % ले आफ्नो राय व्यक्त गर्नुभएको थियो । विद्यार्थीहरुको शैक्षिक स्तर कुन खालको छ ? भन्ने प्रश्नको जवाफमा मध्यम स्तरको भन्नेमा ५ जना वा ८३.३३ % र निम्न स्तरको भन्ने पक्षमा १ जना वा १६.६६ % ले धारणा लेख्नुभएको थियो । तपाईको विद्यालयमा विषयगत शिक्षकहरु पर्याप्त छन् ? भन्ने प्रश्नमा ४ जना वा ६६.६६ % ले छैनन भन्ने र २ जना वा ३३.३३ % ले पर्याप्त छन् भन्ने जवाफ दिनु भएको थियो । विद्यालयमा प्रशासनिक निर्णयहरु गर्नुपर्दा कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा वि.व्य.स.को सहयोगमा १ जना वा १६.६६ % ले , शिक्षक, वि.व्य.स.को संयुक्त सल्लाह बमोजिम भन्ने पक्षमा ४ जना वा ६६.६ % ले रष्य दिनुभएको थियो त्यस्तै १ जना वा १६.६६ % ले शिक्षकको सहयोगमा भन्ने र एकल निर्णयबाट भने कसैले पनि अघि बढ्ने नगरेको पाईयो । कक्षाकोठामा शिक्षकहरुले कतिको शैक्षिक सामग्रीहरु प्रयोग गर्ने गरेका छन् ? भन्ने प्रश्नको जवाफमा कहिलेकाँहीमा ४ जना वा ६६.६६ % ले र आवश्यकता परेमा गर्छन् भन्ने प्र.अ.हरु २ जना वा ३३.३३ % ले र व्यापक रुपमा गर्ने र प्रयोग नै नगर्ने अवस्था भने नरहेको भन्नेमा आफ्नो विचार व्यक्त गर्नुभएको थियो । तपाई विद्यालयमा भौतिक सामग्री जुटाउनु पर्दा के गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा समुदायलाई आव्हान गर्नुहुन्छ भन्नेमा ३ जना वा ५०% ले र विद्यालयको कोषबाट भन्नेमा २ जना वा ३३.३३ % ले र सहयोगी संस्थाको खोजी गरेर जुटाउने

राय सहितका प्र.अ. १ जना वा १६.६६ % रहेको पाईयो । वि.व्य.स. तथा शि.अ.सं. को बैठक कहिले बोलाउनु हुन्छ ? भन्ने प्रश्नमा २ महिनामा १ पटक भन्नेमा १ जना वा १६.६६ %, मासिक रुपमा बोलाउनेमा ४ जना वा ६६.६६ % र आवश्यकता अनुसार बोलाईनेमा १ जना वा १६.६६ % ले आफ्नो राय जनाउनुभएको थियो ।

विद्यालयको गत शै.स. २०६९ को एस.एल.सी. परीक्षाको परिणामबाट सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नावलीको जवाफमा २ वटा उ.मा.वि. र २ वटा मा.वि.का प्र.अ.हरु मध्ये ४ जनालेनै सन्तुष्ट नरहेको भन्ने १०० % समान धारणा व्यक्त गर्नु भयो । विद्यालयमा आवश्यक मात्रामा खानेपानी, शौचालय, प्रयोगशाला, खेल मैदान आदिको सुविधा छ भन्ने प्रश्नको प्रतिक्रियामा केही मात्र छ भन्ने जवाफमा ४ जना वा ६६.६६ % ले, १ जनाले छ तर व्यवस्थित छैन भन्ने उत्तरमा र १ जना वा १६.६६ % ले सुविधा नभएको र पूर्ण रुपमा रहेको भन्नेमा कुनै विद्यालय नरहेको धारणामा सहभागिता जनाउनु भएको थियो । विद्यालयको अहिलेको अवस्थामा सुधार गर्न के गर्नुहुन्छ ? भन्ने प्रश्नको प्रतिक्रियामा १६.६६% ले सरोकारवालाहरु सबै कृयाशील हुनु पर्ने, १६.६६ % ले शिक्षक कृयाशील हुनुपर्ने, १६.६६ % ले वि.व्य.स. कृयाशील हुनुपर्नेमा साथै ५० % प्र.अ.हरु भने वि.व्य.स., शिक्षक स्टाफ, अभिभावक र विद्यार्थी अति कृयाशील हुनुपर्ने पक्षमा आफ्नो दरिलो राय प्रस्तुत गर्नुभएको पाईयो ।

प्रश्नावलीबाट प्राप्त रायका साथसाथै विद्यालयको व्यवस्थापनको शिलशिलामा अति महत्वपूर्ण पक्षका रुपमा रहेका विभिन्न क्षेत्रहरु विशेषगरी शैक्षिक, आर्थिक, भौतिक, जनशक्ति परिचालन, सहयोग समन्वय र सहभागिता, प्रशासनिक तथा विद्यार्थी अनुशासनको वर्तमान अवस्थाकाका बारेमा नमुना छनौटमा लिईएका ६ वटा विद्यालयका प्र.अ.हरुको धारणालाई संकलन गरि कनिम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १

व्यवस्थापनका महत्वपूर्ण पक्षहरु

| क.सं. | व्यवस्थापनको क्षेत्र | वर्तमान परिस्थितिको प्रतिक्रिया अवस्था | | |
|---|---|---|---|---|
| | | सहज अवस्था | सामान्य अवस्था | संकटपूर्ण वा संवेदनशील अवस्था |
| १ | शैक्षिक व्यवस्थापन | | ४ | २ |
| २ | आर्थिक व्यवस्थापन | १ | ३ | २ |
| ३ | भौतिक व्यवस्थापन | ३ | २ | १ |
| ४ | मानव शंसाधन व्यवस्थापन | १ | २ | ३ |
| ५ | समन्वय र सहभागिताको व्यवस्थापन | १ | ४ | १ |
| ६ | अनुशासनको व्यवस्थापन | २ | २ | २ |
| ७ | प्रशासनिक व्यवस्थापन | १ | २ | ३ |
| व्यवस्थापनको औषत अवस्था ( प्रतिशतमा ) | | २१.४३ | ४५.२४ | ३३.३३ |

स्रोत : अध्ययन सर्वेक्षण

माथिको तालिकालाई स्तम्भ चित्रद्वारा निम्नानुसार प्रस्तुत गरिएको छ :




दिईएको तथ्यांक तालिका र सो तथ्यांकलाई प्रस्तुत गरिएको स्तम्भ चित्रको आधारमा सामुदायिक विद्यालयहरुको व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ भन्ने सवालमा सहज अवस्था, सामान्य अवस्था र संकटपूर्ण वा संवेदनशील अवस्था गरी तीनवटा विकल्पहरुलाई राखि तयार गरिएको फारमको प्रयोग गरि प्राप्त अभिमतको आधारबाट भौतिक व्यवस्थापन केही सहज रहेको, शैक्षिक व्यवस्थापन, समन्वय र सहभागिताको व्यवस्थापन साथै आर्थिक व्यवस्थापनको पक्ष सामान्य रहेको र विशेष गरी मानव शंसाधन व्यवस्थापन तथा प्रशासनिक व्यवस्थापनको पक्ष भने निकै संकटपूर्ण अवस्थामा गुज्रिरहेको र संवेदनशील अवस्था रहेको देखिन्छ । जस्कालागि सम्बन्धित निकायहरु एवम् जिम्मेवार पक्षहरुले निकै गम्भिर भई व्यवस्थापनमा चासोका साथ लाग्नुपर्ने देखिन्छ ।

### ४.१.२ विभिन्न शिक्षक, शिक्षिकाहरुसँग सोधिएका प्रश्नावली वा तिनको व्याख्या र विश्लेषण

विद्यालयमा उपलब्ध स्रोत साधनलाई प्रभावकारी ढङ्गले परिचालन गरी गुणस्तरीय शिक्षा हासिल गर्नुपर्दछ । यसको लागि विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स., शि.अ.सं., आम जनसमुदाय र विद्यार्थीहरुको पनि अहम भूमिका हुन्छ । शैक्षिक व्यवस्थापन गर्न शिक्षक शिक्षिकाहरुको चाँही कस्तो भूमिका हुन्छ त भन्ने सन्दर्भमा विभिन्न ६ विद्यालयका १२ जना शिक्षक शिक्षिकाहरुलाई २० वटा वन्द तथा खुल्ला प्रश्नावलीद्वारा राय संकलन गरिएको थियो । सोही तथ्यलाई तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ, जस्को तालिका अनुसुची पाँचमा समावेश गरिएको छ । अनुसुचीमा समाविष्ट गरिएको तथ्याङ्कलाई विश्लेषण गर्दा निम्नानुसारको अवस्था रहेको पाईएको छ :

तपाई आफ्नो शिक्षण पेशाबाट सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नावलीको प्रत्युत्तरमा ३ जना वा २५% शिक्षकहरुले छु भन्नु भयो भने ३ जना अर्थात २५% शिक्षकले छैन भन्नु भयो भने ६ जना वा ५०% ले आंशिक रुपमा सन्तुष्ट रहेको बताउनु भयो । त्यस्तै तपाईको विद्यालयको व्यवस्थापकीय पक्ष कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नावलीमा ३ जना वा २५% ले उत्तम भन्नु भयो भने ९ जना वा ७५ % ले सामान्य छ भनेर आफ्नो राय व्यक्त गर्नुभयो । शैक्षिक व्यवस्थापनको सम्बन्धमा स्टाफ बैठकमा छलफल हुन्छ कि हुँदैन ? भन्ने प्रश्नमा १० जना वा ८३.३३ % ले हुन्छ भन्ने प्रतिक्रिया भने १६.३३ % ले कहिलेकँही हुने जनाउनु भएको थियो । प्र.अ. को कार्यशैलीप्रति तपाई सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा छु भन्ने विकल्पमा ६ जना सहमत हुनु भयो भने ६ जना वा ५०% ले असहमति जाहेर गर्नु भयो ।

प्रश्न र प्रश्नावलीकै क्रममा शिक्षक स्टाफको वीचमा आपसी सहयोग हुन्छ की हुँदैन भन्ने प्रश्नमा २५% ले हुने, २५% ले नहुने र ५०% वा ६ जनाले सामान्य रुपमा हुने जवाफ दिनु भयो । शिक्षण सामग्रीको प्रयोग कतिको गर्नुहुन्छ ? भन्ने प्रश्नको प्रत्युत्तरमा ३ जना वा २५% ले गर्छु भन्नुभयो भने कहिलेकाही गर्छु भन्नेमा ३ जना वा २५% र आवश्यकता अनुसार भन्नेमा ६ जना वा ५० % शिक्षकहरु हुनुभएको पाईयो । शिक्षकको आचार संहिता तपाईको विद्यालयमा लागु भएको छ ? भन्ने प्रश्नावलीको उत्तरमा छ भन्ने पक्षमा ३ जना वा २५% छैन भन्ने पक्षमा ३ जना वा २५%, आंशिक रुपमा भन्ने पक्षमा ६ जना वा ५०% शिक्षकहरु हुनुहुन्छ । वि.व्य.स. शिक्षक स्टाफ शिक्षक

अभिभावक संघ बीच संयुक्त बैठक बस्ने प्रचलन छ? भन्ने प्रश्नको उत्तरमा ३ जना वा २५% ले कहिलेकाँही भन्ने पक्षमा, समस्या पर्दा बस्ने गरिन्छ भन्ने पक्षमा ६ जना वा ५० % शिक्षकहरुले र ३ जना वा २५% ले खासै बस्ने गरेको छैन भन्ने पक्षमा आफ्नो मत जाहेर गर्नुभएको थियो । तपाईको विचारमा शिक्षण कार्यलाई प्रभावकारी पार्न के गर्नुपर्ला ? भन्ने प्रश्नको जवाफमा ४ जना एएवा ३३.३३ % ले शैक्षिक सामग्रीको प्रयोग भन्ने पक्षमा, ६ जना वा ५० % ले विद्यार्थी सहभागितालाई प्रोत्साहित भन्ने पक्षमा र २ जना वा १६.६६ % ल शिक्षकलाई तालिमको व्यवस्था गर्नु पर्ने भन्ने पक्षमा आफ्ना राय व्यक्त गर्नुभयो । तपाईँको विचारमा विद्यालयलाई गुणस्तरीय बनाउन के गर्नुपर्ला ? भन्ने प्रश्नमा १६.६६ % ले समुदायको सहयोग आकर्षित गर्नुपर्ने, १६.६६ % ले पुरस्कार र दण्डको नीति अबलम्वन गर्नुपर्ने, ५० % ले शैक्षिक व्यवस्थापनमा ध्यान दिनुपर्ने र १६.६६ % ले प्रभावकारी शिक्षण गर्नुपर्ने पक्षमा राय व्यक्त गर्नुभयो । तपाईको विद्यालयमा भौतिक तथा आर्थिक सुविधा जि.शि.का. बाहेक अन्य कतैबाट आएको छ ? भन्ने प्रश्नको उत्तरमा छ भन्नेमा ८ जना वा ६६.६६ % र छैन भन्नेमा ४ जना वा ३३.३३ % ले आफ्ना विचार पोख्नु भएको थियो । तपाई विद्यालयको कार्य विभाजनबाट सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा ६ जना वा ५०% ले पूर्ण सन्तुष्ट छु भन्ने भयो भने ६ जना वा ५०% ले केही मात्रामा मात्र सन्तुष्ट छु भन्नुभएको थियो ।

शिक्षणसँग सम्बन्धित सन्दर्भ सामग्री पर्याप्त छ कि छैन ? भन्ने प्रश्नको जवाफमा १२ जनाले नै वा १०० % ले छैन भन्नु भएको पाईयो । शिक्षक, विद्यार्थी र अभिभावकको सम्बन्ध कस्तो पाउनु भएको छ ? भन्ने प्रश्नावलीको प्रत्युत्तरमा १० जना वा ८३.३३ % ले सुमधुर एवम् समन्वयात्मक सम्बन्ध छ भनेर आफ्ना विचार तथा १६.६६ % ले त्यति राम्रो छैन भनी आफ्नो राय व्यक्त गर्नुभएको थियो । तपाईको विद्यालयको भौतिक संरचना कतिको पर्याप्त छ ? भन्ने प्रश्नको उत्तरमा सहभागी सबै १२ जना वा १००% ले अपर्याप्त छ भन्नुभएको थियो । विद्यार्थीहरुको अनुशासन कस्तो पाउनु भएको छ ? भन्ने प्रश्नको उत्तरमा १० जना वा ८३.३३ % ले सन्तोषजनक भनेर जवाफ दिनुभयो भने २ जना वा १६.६६ % ले कमजोर छ भनी जवाफ दिनुभएको थियो । विद्यालयको शैक्षिक वातावरण कस्तो छ ? भन्ने प्रश्नको उत्तरमा सामान्य भन्ने राय सबै भन्दा वढी ८ जना वा ६६.६६ % ले, उत्तम र न्यून भन्ने पक्षमा बराबरी १६.६६ % ले राय व्यक्त गर्नुभएको थियो । विद्यालयको मुख्य समस्या केलाई मान्नु हुन्छ ? भन्ने प्रश्नको उत्तरमा भौतिक पक्षामा ६ जना वा ५०%, आर्थिक पक्षमा ४ जना वा ३३.३३ % र शैक्षिक पक्षमा २ जना वा १६.६६ % शिक्षकहरु हुनुहुन्थ्यो । शिक्षण पाठयोजना कतिको बनाउनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा नियमित

बनाउने २ जना वा १६.६६ % ले बनाउछु भन्नु भएको थियो भने १० जना वा ८३.३३ % ले कहिलेकाँही बनाउछु भन्नु भएको थियो । विद्यालयको मुख्य आम्दानीको स्रोत के छ ? भन्ने प्रश्नको जवाफमा १० जना वा ८३.३३ % ले सरकार भन्नु भएको थियो भने २ जना वा १६.६६ % ले अन्य संघसँस्था तथा अभिभावकहरुबाट पनि विभिन्न क्षेत्रमा आम्दानी हुने गरेको छ भन्ने धारणायुक्त उत्तर पाईयो ।

नमूना छनौटमा परेका  विद्यालयको अध्ययनको क्रममा विद्यालयका १२ जना शिक्षकशिक्षिकाहरुसँग प्रत्यक्ष छलफल तथा राय संकलन गरिएको थियो । विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्दै उचित व्यवस्थापन गर्न जिम्मेवारी कस्को हुन्छ भन्ने सवालमा गरिएको औपचारिक रुपमा प्रक्ष्येपण फाराम प्रयोगबाट प्राप्त रायलाई प्रतिशतमा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

शैक्षिक गुणस्तर सुधारमा जिम्मेवार पक्षहरु

| क.स. | जिम्मेवार पक्ष | जिम्मेवारी हिस्सा (प्रतिशतमा) |
|---|---|---|
| १ | सरकार | २० |
| २ | शिक्षक | ५० |
| ३ | विद्यार्थी | २० |
| ४ | अभिभावक | १० |

स्रोत : अध्ययन सर्वेक्षण

माथिको तालिकामा प्रस्तुत गरिएको तथ्यांकलाई देहाय अनुरुप वृत्तचित्रमा प्रस्तुत गरिएको छ :




तालिका र वृत्तचित्रको आधारमा अधिकांश शिक्षकहरुले दिएको प्रतिकृया अनुसार शिक्षक नै सबैभन्दा वढी जिम्मेवार रहने र दोस्रो जिम्मेवार पक्ष सरकार हुने त्यसैगरी तेस्रो महत्वपूर्ण जिम्मेवारी विद्यार्थीहरुको र केही जिम्मेवारीको हिस्सा अभिभावकहरुको समेत रहने तथ्य स्पष्ट हुनजान्छ । यस अनुसार जिम्मेवार पक्षलाई सचेत भई शैक्षिक उन्नतिको लागि संवेदनशील भई लाग्नुपर्ने देखिन्छ ।

## ४.२ आर्थिक, भौतिक तथा मानव संशाधन व्यवस्थापनमा प्र.अ.ले निर्वाह गरेको भूमिका

### ४.२.१ वि.व्य.स. अध्यक्ष, शि.अ.सं. अध्यक्ष तथा अभिभावकहरुलाई सोधिएका प्रश्नावलीको अवस्था, व्याख्या तथा विश्लेषण

शैक्षिक व्यवस्थापनलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने सम्बन्धमा आवश्यक मत सङ्कलन गर्ने उद्देश्यले तयार पारिएको यस शोधपत्रमा शैक्षिक व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने खाँदवारी अगुवा स्रोतकेन्द्रका ६ जना सामुदायिक विद्यालयका वि.व्य.स. अध्यक्षहरु, ६ जना शि.अ.सं. अध्यक्षहरु तथा १८ जना अभिभावकहरुलाई जम्मा १६ वटा प्रश्नहरु प्रश्नावलीको रुपमा प्रस्तुत गरिएको थियो । जुन प्रश्नावली तथा प्रतिकृयाको विवरणलाई क्रमशः अनुसूचीप्रस्तुति, विश्लेषण तथा व्याख्या तल प्रस्तुत गरिएको छ ।

तपाईलाई प्र.अ. वि.व्य.स. को बैठकमा महिनामा कति पटक बोलाउनुहुन्छ ? भन्ने प्रश्नावलीको उत्तरमा २४ जना वा ८०% ले महिनामा १ पछक बोलाउनुहुन्छ भन्नु भयो, २ महिनामा १ पटक भन्नेमा ५ जना वा १६.६६ प्रतिशत रहनु भयो भने १ जना वा ३.३३% ले आवश्यक परेमा भनेर आफ्नो प्रतिक्रिया व्यक्त गर्नुभएको थियो । तपाई विद्यालयमा कहिले कहिले जानुहुन्छ ? भन्ने प्रश्नको प्रत्युतरमा प्राय : सँधैमा ३ जना वा १०% ले, विद्यालयले बोलाउँदा १५ जना वा ५०% ले र महिनामा १,२ पटक भन्ने विकल्पमा १२ जना वा ४०% ले ठीक चिन्ह लगाउनुभएको थियो । तपाईको विद्यालयको शैक्षिक स्तर कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नमा निराशाजनक मा ६ जना वा २०% ले र सन्तोषजनक रुपमा २४ जना वा ८०% ले आफ्नो अभिमत जाहेर गर्नुभएको थियो ।

विद्यालय र वि.व्य.स.को सम्बन्ध कस्तो छ ? भन्ने प्रश्नावलीको उत्तरमा १० जना वा ३३.३३ % ले सुमधुर रहेको र ६६.६६ % वा २० जनाले सहयोगीको रुपमा भन्नु भएको थियो । शिक्षकहरुको आचरण कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नको उत्तरमा १२ जना वा ४०% ले केहीले आचरण सुधार्नुपर्छ भन्नु भएको छ भने १८ जना वा ६०% ले ठिक ठिकै खालको भनेर आफ्नो मत जाहेर गर्नुभएको छ । तपाई विद्यालयमा पुग्दा विद्यार्थीहरुको उपस्थिति कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नको उत्तरमा ६ जना वा २०% ले ६०% उपस्थिति र २४ जना वा ८०% ले ८०% विद्यार्थी उपस्थिति पाइएको भनेर आफ्नो अभिमत जाहेर गर्नुभएको थियो । तपाईलाई शिक्षक, विद्यार्थी र

वि.व्य.स.को सम्बन्ध कस्तो हुनुपर्छ जस्तो लाग्छ ? भन्ने प्रश्नको उत्तरमा ३० जना वा १००% ले सहयोगात्मक सम्बन्ध हुनुपर्छ भनेर जवाफ दिनुभएको थियो । विद्यालयको आर्थिक बृद्धि गर्न तपाईले कतिको सहयोग पुऱ्याउनुभएको छ भन्ने प्रश्नावलीको उत्तरमा १५ जना वा ५०% ले छ भन्नु भएको थिया भने ३३.३३ प्रतिशतले आवश्यक पर्दा गरियो भन्ने धारणा र १६.६६ प्रतिशतले खासै गर्न सकिएन भन्ने अभिमत जाहेर गर्नुभयो । वि.व्य.स. को वैठकमा खासगरी कुन पक्षसँग सम्बन्धित रहेर छलफल गर्नुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा १२ जना वा ४०% ले शैक्षिक पक्ष, ६ जना वा २०% ले आर्थिक पक्ष र १२ जना वा ४०% ले भौतिक पक्षको विषयमा भन्ने आफ्नो राय व्यक्त गर्नुभएको थियो ।

विद्यालयको शैक्षिक स्तर कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नमा २४ जना वा ८०% ले मध्यम स्तरको र ६ जना वा २०% ले निराशजनक अवस्था भनी प्रतिक्रिया दिनुभएको छ । विद्यालयको वार्षिकोत्सव दिवस मनाउन ुहुन्छ कि मनाउनु हुन्न भन्ने पश्नको उत्तरमा २५ जना वा ८३.३३% ले मनाइन्छ भन्नु भएको छ त ५ जना वा १६.६६ % ले मनाइदैन भनेर जवाफ दिनुभएको छ । तपाईको विद्यालयमा राजनीतिक हस्तक्षेप हुने गरेको पाउनु भएको छ ? भन्ने पश्नको उत्तरमा ३० जना वा १००% ले सामान्य प्रभाव पर्छ भन्नु भएको थियो ।

विद्यालयको मुख्य समस्या के पाउनभएको छ ? भन्ने प्रश्नको जवाफमा २० जना वा ६६.६६% ले शैक्षिक गुणस्तरमा कमी, ४ जना वा १३.३३% ले अनुशासन, ४ जना वा १३.३३ % ले आर्थिक पक्ष र २ जना वा ६.६६ % ले भौतिक पक्ष भनेर आफ्नो मत प्रस्तुत गर्नुभएको थियो । विद्यालयको शैक्षिक वातावरण कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नको उत्तरमा १५ जना वा ५०% ले मध्यम रहेको र ५०% ले सामान्य रहेको भनेर जवाफ दिनुभएको थियो । विद्यालयको सर्वाङ्गीण उन्नती गरी शैक्षिक गुणस्तर बृद्धि गर्न के के गर्नुपर्दछ ? भन्ने प्रश्नको उत्तरमा ५ जना वा १६.६६ % ले अभिभावकले चासो दिनुपर्ने, १५ जना वा ५०% ले प्र.अ. र शिक्षक कृयाशील हुनुपर्ने र १० जना वा ३३.३३ % ले प्रभावकारी सुपरीवेक्षण हुनुपर्नेमा आफ्नो सहमति जनाउनुभएको थियो । वि.व्य.स.का पदाधिकारीहरुमा विद्यालयप्रतिको उत्तरदायित्वको भावना कस्तो पाउनुभएको छ ? भन्ने प्रश्नको उत्तरमा १५ जना वा ५०% ले सकारात्मक, ३ जना वा १०% ले विरोधमात्र गर्ने र १२ जना वा ४०% ले हेलचेक्र्याई भनेर आफ्ना गुनासो व्यक्त गर्नुभएको थियो ।

वि.व्य.स. अध्यक्ष ६, शि.अ.सं. अध्यक्ष ६ तथा अभिभावकहरु १८ गरी जम्मा ३० जना सँग छुट्टाछुट्टै प्रक्ष्येपण फारम प्रयोग गरी आफ्नो राय व्यक्त गर्न गरिएको अनुरोध पश्चात प्राप्त धारणालाई समष्टिगत रुपमा तयार गरी विद्यालय प्रति अभिभावकहरुलाई कसरी आकर्षित गर्न वा चासो वढाउन सकिन्छ भन्ने प्रश्न प्रस्तुत गर्दा तपशिल अनुसारको अभिव्यक्ति पाईयो । जस्लाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

विद्यालयमा अभिभावकहरुको चासो बढाउने उपायहरु

| क.सं. | चासो वढाउने उपाय | उपलब्धि (प्रतिशतमा) |
|---|---|---|
| १ | अन्तरक्रिया कार्यक्रम आयोजना | ४० |
| २ | वार्षिकोत्सव कार्यक्रम | १० |
| ३ | विभिन्न समिति निर्माण गरी जिम्मेवारी दिएर | २५ |
| ४ | विद्यार्थीको नतिजावोध गराएर | २० |
| ५ | पुरस्कृत गर्ने प्रचलनको शुरुवात गरेर | ५ |

माथिको तालिकामा रहेको तथ्यांक अध्ययन सर्वेक्षणबाट प्राप्त भएकोले तथ्यपूर्ण र वास्तविकतामा आधारित रहेको महशुस गरिएको छ र उक्त तथ्यांकलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरी स्पष्ट बनाउन खाजिएको छ ।




माथिको तथ्यांक तालिका र स्तम्भ चित्रको आधारमा विद्यालयमा सबै पक्षलाई समाहित गर्दै शैक्षिक गुणस्तर वृद्धि गर्ने सबैभन्दा प्रभावकारी उपाय अभिभावकहरुलाई विद्यालयमा विभिन्न अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नुपर्ने देखिन्छ भने विभिन्न क्षेत्रगत समितिहरु निर्माण गरी जिम्मेवारी बाँडफाँड गर्ने, विद्यार्थीहरुको नतिजावोध गर्न विद्यार्थी एवम् अभिभावकहरुको भेला आयोजना गर्ने, वार्षिकोत्सव कार्यक्रमलाई व्यवस्थित ढंगबाट मनाउने तथा त्यस्ता उत्सवहरुमा विद्यालयका विविध क्षेत्रमा योगदान पुऱ्याउने अभिभावकहरुलाई ससम्मान पुरस्कृत गर्ने परम्पराको व्यवस्थापन गर्नुपर्ने देखिएको छ ।

## ४.३ शैक्षिक व्यवस्थापनका क्रममा प्र.अ. र वि.व्य.स. ले समना गर्नुपरेका समस्या

### ४.३.१ विभिन्न विद्यालयका विद्यार्थीहरुलाई सोधिएको प्रश्नावलीको व्याख्या र विश्लेषण

शैक्षिक व्यवस्थापनको सम्बन्धमा आवश्यक मत सङ्कलन गर्ने उद्देश्यले तयार पारिएको यस शोधपत्रमा शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिकासँग सम्बन्धित रहेर खाँदवारी अगुवा स्रोतकेन्द्रका विभिन्न सामुदायिक विद्यालयका २४ जना विद्यार्थीहरुलाई जम्मा १४ वटा प्रश्नहरु प्रश्नावलीको

रुपमा प्रस्तुत गरिएको थियो । ती विद्यार्थीहरुको लागि तयार गरिएको प्रश्नहरु अनुसूची नौमा र तिनीहरुका लागि दिइएको जवाफको अवस्थाको वास्तविक प्रतिकया सहितको गणितीय तथ्यांकलाई अनुसूची दशमा समावेश गरिएको छ साथै उक्त तालिकाको विश्लेषण निम्नानुसार गरिएको छ ।

तिम्रो विद्यालय ड्रेसको व्यवस्था छ कि छैन ? भन्ने प्रश्नको उत्तरमा २४ जना १००% ले ड्रेसको व्यवस्था भएको जवाफ दिएका थिए । तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप महिनमा कति पटक हुन्छ ? भन्ने प्रश्नावलीको जवाफमा ४ जना वा १६.६६ % ले १ पटक, २० जना वा ८३.३३ % ले ४ पटक हुन्छ भन्ने जवाफ दिएका थिए । तिम्रो विद्यालयको प्र.अ. को कार्यशैली कस्तो छ भन्ने प्रश्नको उत्तरमा ४ जना वा १६.६६ % ले पारदर्शी, ४ जना वा १६.६६ % ,  ४ जना वा १६.६६ % ले लोकतान्त्रिक र १२ जना वा ५०% ले सहयोगी हुन्छ भन्ने प्रतिक्रिया दिएका थिए ।

शिक्षकहरुको शिक्षणबाट तिमी सन्तुष्ट छौं ? भन्ने प्रश्नको उत्तरमा १८ जना वा ७५% ले छु र ६ जना वा २५% ले छैन भन्ने अभिमत जाहेर गरेका थिए । शिक्षकहरु शिक्षण सामग्री कतिको प्रयोग गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा ४ जना वा १६.६ % ले गर्नु हुन्छ भन्ने उत्तर दिए भने ८ जना वा ३३.३३ % ले गर्नु हुन्न भन्ने, १२ जना वा ५० % ले कहिले काँही प्रयोग गर्नुहुन्छ भन्ने जवाफ दिएका थिए ।

तिम्रो विद्यालयको खेलमैदानको अवस्थाकस्तो छ ? भन्ने प्रश्नको जवाफमा १२ जना वा ५० % ले नराम्रो, ८ जना वा ३३.३३ % ले साँघुरो र ४ जना वा १६.६६ % ले खेलमैदान राम्रो छ भन्ने आफ्नो राय व्यक्त गरेका थिए । तिमी पुस्तकालयमा जान्छौ कि जान्नौं ? भन्ने प्रश्नको जवाफमा ४ जना वा १६.६६ % ले जान्छु, १६ जना वा ६६.६६ % ले जान्न, ४ जना वा १६.६६ % ले पुस्तकालय नै छैन भन्ने जवाफ दिएका थिए ।

तिम्रो विद्यालयमा प्राक्टिकल खेलकूद, मनोरञ्जन जस्ता कार्यक्रम हुन्छ कि हुँदैन ? भन्ने प्रश्नको जवाफमा २० जना वा ८३.३३ % ले हुन्छ र ४ जना वा १६.६६ % ले कहिलेकाँही हुन्छ भन्ने जवाफ दिएका थिए । शिक्षकहरु घण्टी लाग्ने वित्तिकै पढाउन आउनुहुन्छ कि आउनुहुन्न ? ८ जना वा ३३.३३ % ले आउनुहुन्न र १६ जना वा ६६.६६ % ले कुहीबेरपछिमात्र आउनुहुन्छ भन्ने प्रतिक्रिया दिएका थिए । तिम्रो साथीहरु कतिको अनुशासित मिलनसार छन् ? भन्ने जवाफमा ८ जना वा

३३.३३ % ले छन्, ४ जना वा १६.६६% ले छैनन् भन्ने र १२ जना वा ५०% ले ठिकै छन् भन्ने जवाफ दिएका थिए । प्र.अ.बाट कतिको सहयोग पाएका छौं? भन्ने प्रश्नको जवाफमा १२ जना वा ५०% ले छ, ४ जना वा १६.६६% ले छैन भन्ने र ८ जना वा ३३.३३ प्रतिशतले अलि अलि भन्ने जवाफ दिएका थिए ।

तिम्रो विद्यालयमा छात्रवृत्ति वितरण हुन्छ कि हुँदैन ? भन्ने प्रश्नको जवाफमा २४ जना वा १०० % ले नै हुन्छ भन्ने आफ्नो राय व्यक्त गरेका थिए । तिमी विद्यालयमा कति पटक जाँच लेख्छौं ? भन्ने प्रश्नको जवाफमा १२ जना वा ५०% ले तीनपटक भन्ने जवाफमा र १२ जना वा ५०% ले तीन पटक भन्दा बढी परीक्षा दिने गरेको उत्तर दिएका थिए । त्यसैगरी अन्तिम प्रश्नको रुपमा पाठ्यपुस्तक शैक्षिकशत्रको शुरुमा नै पाएका छौ ? भन्ने प्रश्नमा ४ जना वा १६.६६ % ले पाएको, ४ जना वा १६.६६ % ले धुरैजसो पुराना पाउने गरेको, ८ जना वा ३३.३३ % ले अपुरो पाउने गरेको र ८ जना वा ३३.३३% ले शुरुमा नपाईएको भन्ने जवाफ दिएका थिए ।

## ४.४ प्र.अ.को भूमिकालाई प्रभावकारी बनाउने उपायहरु :

विद्यालयको शैक्षिक व्यवस्थापनलाई सुदृढ बनाई शैक्षिक गुणस्तर उकास्न सरकारी निकाय, वि.व्य.स., शि.अ.सं., सल्लाहकार समिति, अभिभावकहरु, शिक्षक कर्मचारी स्टाफ सबै पक्षको जिम्मेवारी महत्वपूर्ण रहने भएतापनि प्रधानाध्यापक नै यी सबै पक्षसँगको समन्वयकर्ता, विद्यालयको सर्वपक्षीय व्यवस्थापक, प्रशासक समेतको रुपमा रहने भएकोले प्र.अ.को भूमिकालाई प्रभावकारी एवम् सर्वस्विकार्य बनाउन देहायका उपायहरु अबलम्वन गर्नु फलदायि हुन्छ ।

क) निर्णय प्रकृयालाई सहभागितामूलक बनाउने,

ख) बैठकलाई नियमित र व्यवस्थित बनाउने,

ग) अन्तरक्रिया कार्यक्रलाई शैक्षिकशत्रको शुरु, अन्त्यका साथै परीक्षा एवम् नतिजा विश्लेषणको सन्दर्भमा सञ्चालन गर्ने,

घ) शिक्षक तथा कर्मचारीहरुमा कार्य विभाजन वैज्ञानिक ढंगले गर्ने,

ङ) आर्थिक पारदर्शिता र चुस्त अभिलेखीकरणलाई ध्यान दिने,

च) आफू उदाहरण बनी अरुलाई प्रोत्साहित र अभिप्रेरित गर्ने ।

# परिच्छेद पाँच :

# निष्कर्ष र सुझाव

सत्य र तथ्य तथ्याङ्कको विश्लेषणद्धारा पत्ता लगाइएका विभिन्न कुराहरुको आधारमा कुनैपनि वस्तुस्थितिको निष्कर्षमा पुग्न सकिन्छ । प्रस्तुत शैक्षिक व्यवस्थापनका विविध पक्षको अवस्थाको जानकारी लिदैं विद्यालयको व्यवस्थापनमा प्र.अ.को भूमिका नामक शोधकार्यको क्रममा जम्मा ६ वटा विद्यालयका ६ जना प्र.अ., १२ जना शिक्षक, २४ जना विद्यार्थी तथा ६ जना वि.व्य.स. अध्यक्ष, ६ जना शि.अ.सं. अध्यक्ष एवम् १८ जना अभिभावकहरु गरी जम्मा ७२ जनासँगको राय संकलनबाट अन्तमा निम्निलिखित निष्कर्षहरु निकालिएको छ, जुन तल प्रस्तुत गरिएको छ :

## ५.१ निष्कर्ष

यस अध्ययनका मुख्य निष्कर्षहरु निम्न प्रकारका छन् :

(क) शैक्षिक व्यवस्थापन गर्न विद्यालयको शैक्षिक, आर्थिक, भौतिक, साँस्कृतिक, समन्वय लगायतका सम्पूर्ण पक्ष व्यवस्थित र चुस्तदुरुस्त हुनुपर्ने,

(ख) कुनै विद्यालयहरुमा शौचालय, खानेपानी, खेलमैदान, पुस्तकालय, फर्निचर, शिक्षक दरबन्दीको अभाव रहेको पाइयो भने कुनै विद्यालयहरुमा यी उल्लेखित सुविधाहरु आंशिक रुपमा रहेको अवस्था,

(ग) विद्यालयका प्र.अ., शिक्षक र वि.व्य.स. बीच सुमधुर सम्बन्ध हुने पक्षमा विविधता रहेको,

(घ) शिक्षकहरुले वृत्ति विकासका अवसर नपाइएको,

(ङ) विद्यालयमा उपलब्ध स्रोत र साधनको उचित प्रयोग र परिचालन गर्न नसक्दा गुणस्तरीय शिक्षा प्रदान गर्न नसकिएको,

(च) शैक्षिक व्यवस्थापन गर्न विद्यालय परिवार र सेवाक्षेत्र भित्रका आम जनसमुदायको सहयोग महत्वपूर्ण हुने,

(छ) तालिम प्राप्त शिक्षकहरुको संख्यात्मक अवस्था राम्रै रहेपनि कक्षाकोठामा प्रयोगको अवस्थामा गैरजिम्मेवारीपन देखिएको,

(ज) विद्यालयहरुको आर्थिक, शैक्षिक र भौतिक पक्ष कमजोर नै रहेको महशुस भएको,

(झ) विद्यालयमा आर्थिक अभावका कारण शैक्षिक सामग्रीहरुको अभाव देखिएको ।

(ञ) विद्यालयमा स्वच्छ खानेपानी, शौचालय, पुस्तकालय, खेलमैदान, खेल सामग्री, फर्निचर प्राय गरेर उचित प्रबन्ध हुन नसकेको,।

(ट) सरकारी विद्यालयमा कार्यरत शिक्षक शिक्षिकाहरुको सेवा सुविधाका लागि सरकारी बाहेक विद्यालयको तर्फबाट कुनै कुरामा खासै ध्यान नदिइएको,

(ठ) विद्यालयहरुमा कार्यरत शिक्षक शिक्षिकाहरुबीच जुन सुमधुर सम्बन्ध हुनुपर्ने हो त्यो नभएको,

(ड) विद्यालयलाई सङ्गठनको रुपमा हेरिएपनि सङ्गठनबाट सञ्चालनमा चुस्तता नभएको र गुणस्तरीय शिक्षा प्रदान गर्न नसकेको,

(ढ) विद्यालयमा कार्यरत शिक्षकहरु पेशागत समस्या समाधान गर्न खासै जिज्ञाँसु भई अन्य शिक्षकहरुसँग छलफल गरी समाधानको माध्यम अपनाइने नगरेको,

(ण) प्रायजसो विद्यालयमा थप आर्थिक स्रोत जुटाउने सम्बन्धमा कुनै योजना अघि नवढाइएको,

(त) विद्यालयमा शैक्षिक व्यवस्थापनको लागि अभिभावक तथा समाजसेवीहरुको विद्यालयप्रतिको दायित्वबोध अझै कम भएको र समाहित गर्ने प्रयत्न कम भएको,

(थ) धेरैजसो विद्यालयमा प्रधानाध्यापकले प्रशासन सञ्चालनका अतिरिक्त अध्यापन गर्ने भार पनि वढी परेकोले शैक्षिक व्यवस्थापन गर्न समयको अभाव रहेको,

(द) अधिकांश सामुदायिक विद्यालयहरुमा नियमित रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन व्यवस्थित रुपले नगरेको, प्रयोगात्मक सीपयुक्त विषय क्षेत्रलाई वेवास्ता गरी झारो टार्ने कार्यमात्र गरेको, गृहकार्य कम दिने गरिएको, विद्यार्थीहरुलाई अनुशासनमा राख्न नसकेको अवस्था, शिक्षकहरु पनि समयमा उपस्थित नभएको र समयलाई पूर्ण रुपमा परिपालन नगरिएको,

(ध) शैक्षिक व्यवस्थापनको लागि सम्बन्धित कार्यालयबाट नियमित अनुगमन सुपरिवेक्षण, छलफल, सुझाव र भेटघाट समेत नभएको,

(न) कतिपय सामुदायिक विद्यालयहरुमा अधिक विद्यार्थीहरुको चाप भएको तर सोही बमोजिम शिक्षक दरबन्दी कम भएको,

(प) कतिपय विद्यालयहरुमा शिक्षकहरु वीच तथा उपस्थित हुने अभिभावक लगायतले विद्यालय समयमा पनि राजनीतिक र घरायसी गफ बढी गर्ने गरेको,

(फ) प्राय विद्यालयहरुमा त्रैमासिक परीक्षा बाहेक अन्य साप्ताहिक, मासिक परीक्षा सञ्चालनमा ल्याउने नगरेको,

(ब) विद्यार्थी निरन्तर मूल्यांकनलाई प्रभावकारी र व्यवस्थित कार्यान्वयन नगरिएको,

(भ) परीक्षा सञ्चालन व्यवस्थित नभएको, नतिजा विश्लेषण र समिक्षा गर्ने नगरेको,

(म) शिक्षकले नियमित रुपमा योजना बनाई शिक्षण गर्ने नगरेको साथै शिक्षण सुधार योजना निर्माण गरी निश्चित समयपछी समिक्षा गरी पुनर्योजना गर्ने नगरेको,

